नीति छलफलपत्र : शृङ्खला-२

# दोरम्बा र माडी
# भिन्न घटना, समान मुद्दा

## द्वन्द्वको समयमा भएका मानवअधिकार उल्लङ्घनका प्रतिनिधिमूलक घटनाको सङ्क्षिप्त विश्लेषण

अनुसन्धान/लेखन
कोषराज न्यौपाने
माधवप्रसाद गौतम
सञ्जय अर्याल

Alliance for
Social Dialogue

नीति छलफलपत्र : शृङ्खला-२

# दोरम्बा र माडी
# भिन्न घटना, समान मुद्दा

द्वन्द्वको समयमा भएका मानवअधिकार उल्लङ्घनका
प्रतिनिधिमूलक घटनाको सङ्क्षिप्त विश्लेषण

अनुसन्धान/लेखन
कोषराज न्यौपाने
माधवप्रसाद गौतम
सञ्जय अर्याल

Alliance for
Social Dialogue

यो पुस्तिका प्रकाशनको मूलभूत उद्देश्य मानवअधिकार उल्लङ्घन र दण्डहीनताका विषयमा नीतिगत छलफल अगाडि बढाउनु हो। बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई यस पुस्तिकाका अंशहरू प्रयोगमा ल्याउन सकिनेछ। यो पुस्तिकामा व्यक्त विचार, विश्लेषण र निष्कर्ष लेखकका हुन्; त्यसमा एएसडी सहमत नहुन सक्छ।

© Alliance for Social Dialogue (सामाजिक संवादका लागि सहकार्य)

ISBN: 978 9937 2 4376 6

नीति छलफलपत्र संयोजन तथा सम्पादनः शिव विशंखे

आवरण सज्जाः शेहनाज बानु

प्रथम संस्करणः जनवरी २०१२

एलायन्स फर सोसल डायलग सचिवालय
सोसल साइन्स बहाः
पोस्ट बक्स नं. २५३३४, काठमाडौं, नेपाल
फोनः ४४७२८०७, फ्याक्सः ४४६१६६९
asd@asd.org.np
www.asd.org.np

# विषयसूची


सारांश तथा सुझाव १

१. परिचय ४

१.१ अध्ययनको उद्देश्य ४

१.२ अध्ययन विधि ५

२. घटना तथा घटनास्थलसम्बन्धी जानकारी ५

२.१ पीडितसम्बन्धी जानकारी ७

२.२ पीडिकसम्बन्धी जानकारी ८

२.३ पीडितहरूको अवस्था र अपेक्षा १०

३. सशस्त्र द्वन्द्व र मानवअधिकार १३

३.१ राष्ट्रिय कानुन तथा सम्झौताहरू १४

३.१.१ नेपालको अन्तरिम संविधान, २०६३ १४

३.१.२ विस्तृत शान्ति सम्झौता, २०६३ १५

३.२ अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुन १५

३.३ मावअधिकार संरक्षण समुदायको धारणा र प्रयास १९

३.४ परिपूरण र दण्डका लागि कानुनी व्यवस्था २१

३.५ संस्थागत तहबाट भएका पहलहरू २२

४. अध्ययनको निष्कर्ष २२

अनुसूची १ २५

अनुसूची २ २६

सन्दर्भसामग्रीहरू ३०

# धन्यवाद

यो नीति छलफलपत्र एलायन्स फर सोसल डायलग (एएसडी) को सहयोगमा तयार गरिएको हो । छलफलपत्र तयार गर्ने क्रममा हामीलाई विभिन्न महानुभावहरूले सुझाव, सल्लाह तथा सूचना/जानकारी दिएर सहयोग गर्नुभएको छ, यसका लागि हामी उहाँहरूप्रति आभार प्रकट गर्दछौँ । माडी घटनाका पीडित तथा पीडित परिवारहरूले स्थलगत अध्ययनको क्रममा आफ्ना भनाइहरू निसङ्कोच राखिदिएर हामीलाई सहयोग गर्नुभयो । त्यसैगरी छलफलपत्रको पाण्डुलिपिमा अमूल्य सुझाव दिने एएसडीका अध्यक्ष सुशील प्याकुरेल, सदस्य मन्दिरा शर्मा, निर्देशक हरि शर्मा र उप-निर्देशक प्रेम सापकोटालाई हार्दिक धन्यवाद दिन चाहन्छौँ । छलफलपत्र तयारीको क्रममा स्थलगत अध्ययन गर्नुका साथै प्रकाशनको संयोजन तथा पाण्डुलिपि सम्पादन गरिदिनु भएकोमा एएसडीका वरिष्ठ कार्यक्रम अधिकृत शिव विशंखेलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छौँ । स्थलगत अध्ययनको क्रममा धेरै सहयोग गर्नुभएका अनल खड्काप्रति कृतज्ञता व्यक्त गर्दछौं ।

कोषराज न्यौपाने
माधवप्रसाद गौतम
सञ्जय अर्याल

# प्रकाशकीय

वि.सं. २०६२-६३ को जनआन्दोलनपछि नेपालमा राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक विषयसँग जोडिएका थुप्रै नयाँ मुद्दा र पक्षहरू सतहमा आएका छन् । तिनले शासनपद्धति, राजनैतिक प्रक्रिया र विगतमा स्थापित सामाजिक सम्बन्धमा अनेकन् थप प्रश्न उठाएका छन् । अहिले भइरहेका छलफल र बहसलाई विश्लेषण गर्दा राज्य र नागरिकको सम्बन्ध तथा नागरिक-नागरिकबीचको सम्बन्धमा यति धेरै प्रश्नहरू सायद नेपालको इतिहासमा पहिलो पटक उठेका होलान् भन्न सकिन्छ ।

वि.सं. २०६३ पछि पहिचान, प्रतिनिधित्व, पुनर्वितरण, अधिकारका साथै विगतमा भएको उपेक्षा र भेदभावका लागि क्षतिपूर्ति, सवलीकरण र समावेशीकरण जस्ता विषयहरूमा प्रशस्त छलफल र बहसहरू भइरहेका छन् । यी विषयहरूलाई सम्बोधन गरेर अघि बढ्ने पद्धति र प्रक्रियाहरू भने स्थापित भइसकेका छैनन् ।

यही कुरालाई ध्यानमा राख्दै एलायन्स फर सोसल डायलग (एएसडी) ले सङ्क्रमणकालीन राजनीति र विभिन्न नीतिसँग सम्बन्धित मुद्दाहरूमाथि छलफलको दायरालाई फराकिलो पार्ने उद्देश्यले यो छलफलपत्र प्रकाशनको सुरुआत गरेको हो ।

नीति छलफलपत्र शृङ्खलामा नेपाली समाजका विभिन्न विचारलाई प्रस्तुत गर्न सक्ने अनुसन्धानकर्ता तथा विश्लेषकहरूको लेखहरूलाई समेटिनेछ। लेखहरूमा व्यक्त विचार लेखकका निजी हुन् । तिनले एएसडीको संस्थागत धारणालाई प्रतिनिधित्व नगर्न सक्छन् ।

– एलायन्स फर सोसल डायलग (एएसडी) सचिवालय

# सारांश तथा सुझाव

## १. तथ्य र निष्कर्ष

वि.सं. २०५२ देखि सुरु भएको सशस्त्र द्वन्द्वको समयमा भएका मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूमध्ये वि.सं. २०६० साउनमा रामेछापको दोरम्बा र २०६२ जेठमा चितवनको माडीमा भएका दुई घटनालाई प्रतिनिधिमूलक घटनाको रूपमा लिएर यो अध्ययन गरिएको हो ।

रामेछापको दोरम्बामा वि.सं. २०६० साउन ३२ गते तत्कालीन शाही नेपाली सेनाका मेजरको नेतृत्वमा रहेको संयुक्त सुरक्षा फौजले १९ जना व्यक्तिलाई पक्रेर निःशस्त्र गरी डाँडाकटेरी भन्ने एकान्त स्थानमा लगी गोली हानी हत्या गरेको थियो । सो घटनापश्चात् नेकपा (माओवादी) ले सेनालाई सहयोग/सुराकी गरेको अभियोग लगाई तीन जना स्थानीय व्यक्तिहरूको हत्या गऱ्यो ।

त्यस्तै चितवन माडीको बाँदरमुढे खोलामा २०६२ जेठ २३ गते नेपाल कम्युनिस्ट पार्टी (माओवादी) द्वारा सार्वजनिक यातायातको बसलाई एम्बुस थापेर बम विस्फोट गराउँदा ३५ जना सर्वसाधारण यात्री तथा तीन जना नेपाली सेनाका जवानको मृत्यु भएको थियो भने अन्य ७३ यात्री सख्त घाइते भएका थिए ।

दोरम्बा तथा माडी दुवै घटनामा युद्धरत पक्षहरूद्वरा निःशस्त्र सर्वसाधारण व्यक्तिको सामूहिक हत्या गरिएकोले यी घटनामा अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा मानवीय कानुन (जेनेभा महासन्धिको विद्रोही पक्षलाई समेत समेट्ने साझा धारा ३) का साथै अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानसमेत आकर्षित हुन आउँछ । उल्लिखित अन्तर्राष्ट्रिय कानुनका प्रावधानअनुसार दोरम्बा र माडी घटना युद्ध अपराधको परिधिभित्र पर्दछन् । यस्ता घटना भएका कतिपय देशमा न्याय निरूपणका लागि संयुक्त राष्ट्रसङ्घले नै 'ट्राईब्युनल' बनाएको हुन्छ । कतिपय देशमा चाहिँ सत्य निरूपण तथा मेलमिलाप आयोग बनाएर द्वन्द्वकालमा भएका मानवअधिकार उल्लङ्घनका घटना र प्रवृत्तिलाई छानबिन गरी निर्णय लिन मद्दत गरेको पाइन्छ ।

अन्तर्राष्ट्रिय कानुनी प्रावधानका आधारमा मानवअधिकार उल्लङ्घनकर्ताले व्यक्तिगत रूपमा फौजदारी दायित्व वहन गर्नैपर्ने हुन्छ । स्वेच्छाचारी रूपमा व्यक्तिको जीवन हरण गर्ने कार्यलाई नेपालका राष्ट्रिय कानुनहरूले पनि छुट दिएका छैनन् । राज्यले पहल गर्ने हो भने यी दुवै घटनाको कानुनी अभियोजन नेपालको राष्ट्रिय कानुनअन्तर्गत पनि हुन सक्छ ।

विस्तृत शान्ति सम्झौता लगायत अन्तरिम संविधान २०६३ मा द्वन्द्वका समयमा घटेका घटनाको छानबिनका निम्ति सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरिने उल्लेख गरिएको छ । तर हालका दिनसम्म सोसम्बन्धी कानुनसमेत बनेको छैन । यसले यस्ता गहन प्रकृतिका समस्या समाधान गर्नेतर्फ राष्ट्रिय स्तरका

राजनीतिक दलहरूमा इच्छाशक्ति नै नभएको सङ्केत गर्छ। परिणामतः सर्वसाधारण नागरिकहरूमा राज्यबाट न्याय पाइने आशा घट्दै गएको देखिन्छ।

राज्य वा राजनीतिक पक्ष शिथिल भयो भन्दैमा यस्ता घटनाका दोषीलाई दण्ड र पीडितलाई न्याय दिलाउने सवालमा नागरिक समाज तथा मानवअधिकार समुदायहरू सुस्ताउन वा निराश हुन मिल्दैन। तिनले त अझ सङ्गठित भई थप दबाब सृजना गर्ने र आवश्यकताअनुसार घटनालाई अन्तर्राष्ट्रियकरण गर्ने कामसमेत गर्नु अवश्यक हुन्छ।

माथिका घटनाका पीडकहरूलाई उनीहरू सम्बद्ध संस्था वा राजनीतिक पार्टीले कार्बाही गरिसकेको वा राजनीतिक प्रकृतिको मुद्दा भनेर बचाउने प्रयास गरिएको छ। तर यस्तो प्रक्रियाले कुनै कानुनी अर्थ राख्दैन। आपराधिक स्तरको घटना भएकोले पीडकहरूलाई कानुनी दायरामा ल्याएर कार्बाही गरिनुपर्दछ र पीडितहरूलाई तत्काल परिपूरणको व्यवस्था गरिदिनुपर्दछ। राज्यले यति काम गर्न सकेमा मात्र देशमा हाल देखा परेको दण्डहीनता र गैरजवाफदेहीको संस्कृतिमा नियन्त्रण गर्न सकिने आशा गर्न सकिन्छ।

## २. सुझाव तथा सिफारिस

**नेपाल सरकार**

- द्वन्द्वका बेला भएका दोरम्बा र माडी घटना जस्ता गम्भीर प्रकृतिका फौजदारी मुद्दा शीघ्र सुनुवाइ गरी टुङ्ग्याउनका लागि विशेष अदालत वा न्यायाधीकरणको गठन हुनुपर्ने,
- मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन गर्ने व्यक्ति तथा निकायहरूउपर यथाशीघ्र छानबिन गरी दोषीउपर कानुनी कार्बाही गरिने कुराको सुनिश्चितता गर्नुपर्ने,
- पीडितका परिवारको आवश्यकताअनुसार परिपूरणको व्यवस्था गरिनुपर्ने। जस्तै– पीडितका छोराछोरीको शैक्षिक आवश्यकता, जीविकोपार्जनसम्बन्धी आवश्यकता, अपाङ्ग भएकाहरूको उपचार र आवश्यक भौतिक साधन वितरण, स्वास्थ्य सेवाको सुनिश्चितता आदि।

**नेकपा (माओवादी)**

- माडी तथा दोरम्बा घटनाका दोषीहरू (आदेश दिने, योजना बनाउने, कार्यान्वयन गर्ने, सहयोग गर्नेसमेत) लाई यथाशीघ्र प्रहरीलाई बुझाई छानबिन कार्यमा सहयोग गर्नुपर्ने।

**राष्ट्रिय मानवअधिकार आयोग**

- आयोगले माडी र दोरम्बा घटनाका सम्बन्धमा आफूले गरेका सिफारिसको कार्यान्वयनका लागि प्रभावकारी अनुगमन गर्नुपर्ने,
- सिफारिस कार्यान्वयन नगर्ने अधिकारीका नाम नेपालको अन्तरिम संविधानअनुसार सार्वजनिक गरी मानवअधिकार उल्लङ्घनकर्ताको रूपमा सार्वजनिक गर्नुपर्ने।

**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय**

- माडी र दोरम्बा घटनाका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिसको कार्यान्वयन तथा उच्चायुक्तले माडी घटनाका सम्बन्धमा गरेका सुझावहरूको कार्यान्वयनका निम्ति नेपाल सरकारमाथि दबाब सिर्जना गर्नुपर्ने ।

**नागरिक समाज तथा मानवअधिकार समुदाय**

- दोरम्बा तथा माडी घटनाका पीडितलाई न्याय दिलाउन निरन्तर पहल र अनुगमन गर्नुपर्ने,
- पीडकलाई कानुनी दायरामा ल्याउने प्रक्रिया अगाडि बढाउन निरन्तर दबाब सृजना गर्नुपर्ने ।

# दोरम्बा र माडी : भिन्न घटना, समान मुद्दा

## १. परिचय

नेपालमा करिब ११ वर्षसम्म चलेको (२०५२-२०६३ साल) सशस्त्र द्वन्द्वका कारण १३,००० भन्दा बढी व्यक्तिले ज्यान गुमाउनुपऱ्यो ।[१] सोही अवधिमा धेरै व्यक्ति बेपत्ता पारिए र सर्वसाधारणसमेत हजारौं विस्थापित हुन पुगे । द्वन्द्वकालमा सरकारी सुरक्षा फौज र नेकपा (माओवादी) बाट युद्धमा संलग्न नरहेका धेरै सर्वसाधारणको हत्या भएको थियो । तर त्यसमा संलग्न दुवै पक्षका दोषीलाई कुनै कार्बाही भएको छैन । वि.सं. २०६३ साल मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौतामार्फत देशमा सशस्त्र द्वन्द्वको औपचारिक रूपमा अन्त्य भए तापनि मानवअधिकार हननका घटना अझै पनि व्याप्त हुनुका साथै दण्डहीनताले निरन्तरता पाइरहेको छ ।

दण्डहीनताको बढ्दो प्रवृत्ति र राज्यको गैरजवाफदेहीका कारण मानवअधिकार संरक्षण थप चुनौतीपूर्ण बनेको छ । सशस्त्र द्वन्द्वकालमा गरिएका मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनामध्ये दुईवटा प्रतिनिधिमूलक घटनाहरू यस अध्ययनका लागि छनोट गरिएका छन् । ती घटनाहरू हुन्ः रामेछापको दोरम्बा गाविसमा भएको सामूहिक हत्या र चितवन माडीको बाँदरमुढेमा एम्बुसमा पारेर विष्फोट गराइएको यात्रु बसको घटना । द्वन्द्वकालमा राज्य र विद्रोही दुवै पक्षबाट भएका सामूहिक हत्याको प्रतिनिधित्व गर्ने भएकाले यी दुई घटनालाई अध्ययनका लागि छनोट गरिएको हो ।

### १.१ अध्ययनको उद्देश्य

अध्ययनको समग्र उद्देश्य, सशस्त्र द्वन्द्वकालमा भएका मानवअधिकार हनन तथा ज्यादतीका दुईवटा प्रतिनिधिमूलक घटना (emblematic cases) लाई सङ्क्रमणकालीन न्यायको दृष्टिकोणबाट विश्लेषण गर्नु हो ।

अध्ययनका विशेष उद्देश्य यस प्रकार छन्ः

- अध्ययनका लागि छानिएका घटनाको स्थलगत अध्ययन गरी घटना र पीडितको अवस्थाबारे अध्यावधिक जानकारी सङ्कलन गर्ने,
- घटनालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार एवं मानवीय कानुनका आधारमा विश्लेषण गर्ने, र
- सङ्क्रमणकालीन न्यायलाई सम्बोधन गर्न राज्यले र अन्य सम्बन्धित पक्षले खेल्नुपर्ने भूमिकाबारे छलफल गर्ने ।

---

१ तथ्याङ्कका बारेमा अन्य स्रोतहरूबाट पनि पुनर्पुष्टि गरिनुपर्ने । नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालयले १३,६४६ जना मृतकका परिवारलाई राहत वितरण गरिसकेको छ । (http://www.epsp.gov.np, visited on 27 December 2011)

यस अध्ययनको निष्कर्षले सङ्क्रमणकालीन न्यायप्रति सम्बन्धित पक्षहरूलाई दायित्वबोध गराउन मद्दत पुग्ने आशा राखिएको छ।

### १.२ अध्ययन विधि

यस अध्ययनका लागि निम्न विधिहरू अपनाइएको थियो:

- दुवै घटनाका बारेमा उपलब्ध सन्दर्भसामग्रीहरूको सङ्कलन र अध्ययन।
- घटनास्थलको भ्रमण तथा पीडित परिवार, प्रत्यक्षदर्शी तथा सरोकारवाला पक्षसँग व्यक्तिगत र समूहगत छलफल गरी जानकारी अद्यावधिक।
- मानवअधिकार र सङ्क्रमणकालीन न्यायसम्बन्धी अन्तर्राष्ट्रिय कानुन र प्रचलनहरूको विश्लेषण।

अध्ययनका क्रममा राष्ट्रिय मानवअधिकार आयोग र संयुक्त राष्ट्रसङ्घीय मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयका प्रतिवेदन तथा सञ्चारमाध्यममा प्रकाशित सामग्रीहरूबाट सूचना सङ्कलन गरिएको थियो। रामेछापको दोरम्बा गाविसको घटनास्थल र चितवनको माडी गाविसको बाँदरमुढेको स्थलगत भ्रमण गरिएको थियो। यस क्रममा पीडित पक्ष र सरोकारवालाहरूसँग प्रत्यक्ष रूपमा कुराकानी गरी सूचना सङ्कलन गरियो।

## २. घटना तथा घटनास्थलसम्बन्धी जानकारी

### क) दोरम्बा घटना

दोरम्बा घटना रामेछाप जिल्लाको दोरम्बा गा.वि.स.मा भएको हो। यो घटनास्थल रामेछापको सदरमुकाम मन्थलीदेखि उत्तर-पश्चिम दिशामा पर्दछ। वि.सं. २०६० साउन ३२ गते तत्कालीन शाही नेपाली सेनाका मेजरको नेतृत्वमा गएको संयुक्त सुरक्षा फौजले स्थानीय शिक्षक युवराज मोक्तानको घरमा[२] बैठक गरिरहेका माओवादीहरूलाई बिहान करिब १०:३० बजेतिर सेनाले घेरा हालेर गोली चलाउँदा केही व्यक्तिहरू भागेका र भाग्न नसकेका १९ जनालाई सेनाले पक्राउ तथा निःशस्त्र पारी दुवै हात पछाडि बाँधी करिब दुई घण्टाजति पैदल हिँडाएर बस्ती/बजारबाट टाढा डाँडाकटेरी भन्ने एकान्त जङ्गलमा पुऱ्यायो। सोही जङ्गलमा लगभग २:३० बजे सबैलाई लाइनमा राखेर सेनाले गोली हानी हत्या गरेको थियो। राष्ट्रिय

---

२ युवराज मोक्तानको घर दोरम्बा बजारबाट करिब २० मिनेटको पैदल बाटामा पर्दछ। दोरम्बा वडा नं. २, अन्य घरहरूबाट केही अलग रहेको उनको घरमा घटनाको अघिल्लो दिनबाटै माओवादीहरू बैठक तथा अन्य कार्यक्रम गर्न भनेर आएर बसेका थिए। माओवादीहरू उक्त घरमा बसेको थाहा पाई संयुक्त सुरक्षा फौजले घरमा घेरा हालेर घरभित्र रहेका सबैलाई (भाग्न सफल केही बाहेक) निःशस्त्र पारी बन्धक बनाएका थिए। घटनाको केही समय अगाडि मात्र घर आइपुगेका युवराज मोक्तान, आफ्नै घरमा बसिरहेका युवराज मोक्तानका छोरा लीला मोक्तानसहित १९ जनालाई सुरक्षा फौजले समातेर लगेका थिए। स्थलगत भ्रमणका क्रममा स्थानीय व्यक्ति तथा पीडितका परिवारहरूसँग गरिएको कुराकानीका आधारमा युवराज मोक्तान तथा लीला मोक्तानको नेकपा (माओवादी) सँग कुनै सम्बन्ध नरहेको देखिन्छ।

मानवअधिकार आयोगको स्थलगत प्रतिवेदन, २००३[३] तथा पीडितका परिवार र स्थानीय बासिन्दाले दिएका सूचनालाई आधार मान्दा घटनाको सङ्क्षिप्त विवरण यही हो ।

सामूहिक हत्याको भूमरीमा परेका १९ मध्ये १८ जनाको लास डाँडाकटेरी भन्ने स्थानमा लहरै गाडिएको अवस्थामा फेला परेका थिए । तीमध्ये तीन जना युवराज मोक्तान, ठूलोराम तामाङ र सानोराम तामाङको लास नेपाली सेनाले २०६० माघमा नेपाली सेनाको अध्ययन टोली[४] आउनुअगाडि गाडेको स्थानबाट निकालेर नजिकैको भीरमा फ्याँकेकोमा स्थानीय गाउँलेको व्यापक दबाबका कारण पुनः सोही स्थानमा नेपाली सेनाले नै ल्याई गाडेको पाइयो ।[५]

सोही घटनाका सम्बन्धमा नेकपा (माओवादी) द्वारा सेनालाई सहयोग/सुराकी गरेको अभियोग लगाई तीन जना स्थानीय व्यक्तिहरू, क्रमशः ४४ वर्षीय स्थानीय महिला स्वास्थ्य कार्यकर्ता रेलीमाया मोक्तान तथा स्थानीय व्यापारी भीमबहादुर श्रेष्ठको २०६० भदौ १५ गते र अर्का स्थानीय व्यापारी विक्रम योञ्जनको २०६० माघ १६ गते हत्या गरियो ।[६] यी तीनैवटा हत्याका घटनाको राज्यले छानबिन गरेको छैन ।

दोरम्बा घटनामा संयुक्त सुरक्षा फौजद्वारा मारिएका १९ जनाको लास पछाडि दुवै हात बाँधी आँखामा पट्टी बाँधेको अवस्थामा घटनास्थल डाँडाकटेरीदेखि तलको भीरमा भेटिएको[७] र गाडिएका लास उत्खनन गर्दा १८ मध्ये १५ वटा लासको टाउकोमा राइफल फायरआर्मबाट भएको चोटसँग मिल्ने एकै प्रकृतिका चोट लागेको

---

३ राष्ट्रिय मानवअधिकार आयोग, दोरम्बा घटना, अनुसन्धान समितिको स्थलगत निरीक्षण तथा प्रतिवेदन, २०६० । राष्ट्रिय मानवअधिकार आयोगले दोरम्बा घटनाको अनुसन्धानका लागि २०६०।५।९ मा एक समिति गठन गरेको थियो । समितिमा कृष्णजङ्ग रायमाझी, संयोजक (भूतपूर्व न्यायाधीश, सर्वोच्च अदालत), प्रेमबहादुर विष्ट (भूतपूर्व महान्यायाधिवक्ता), कनकमणि दीक्षित (पत्रकार), डा. हरिहर वस्ती (चिकित्सक, फरेन्सिक विज्ञ) र हरि फुयाल (रामाअआ) सदस्य रहेका थिएण । समितिलाई दिइएको कार्यादेश यस प्रकार थियोः घटनाको तथ्यबारे जानकारी लिने, घटनाको बारेमा बयान लिँदा पीडित व्यक्तिको मानसिक तनाव, सुरक्षा र अनुसन्धानका आधारभूत सिद्धान्तको सम्मान गर्ने, सम्भव भएसम्म घटनास्थलको स्थलगत भ्रमण गर्नुपर्ने, घटनास्थल प्रकृति झल्कने कागजात तयार गर्नुपर्ने, मानिसहरू मरेको भए सम्भव भएसम्म शरीरमा गोली लागेको ठाउँ र दोहोरो भिडन्त भए नभएको सम्बन्धमा तथ्यहरूले प्रमाणित गर्ने गरी प्रतिवेदन तयार गर्नुपर्ने, घटनाको अनुगमन गर्दा भिडन्त भएको अवस्थामा जेनेभा महासन्धिको साझा धारा ३ को पालना भए नभएको निरीक्षण गर्नुपर्ने । उक्त समितिले २०६०।५।१९ गते आयोगलाई प्रतिवेदन बुझाएको थियो ।

४ स्थलगत अध्ययनका क्रममा दोरम्बाका स्थानीय व्यक्तिका अनुसार घटनाका सम्बन्धमा व्यापक दबाबपछि नेपाली सेनाले दीपक गुरुङको संयोजकत्वमा अध्ययन टोली गठन गरी स्थलगत अध्ययनका लागि पठाएको जानकारी प्राप्त भएको थियो । नेपाली सेनाका बि.ए. कुमार शर्माका अनुसार मोहनबहादुर बस्नेतको अध्यक्षतामा दामोदर सिलवाल र प्रकाश थापा सम्मिलित टोली २०६० माघमा दोरम्बाको स्थलगत अध्ययन गर्न गएको पाइयो (२०६६ भदौ ३ गते गरिएको कुराकानीका आधारमा)। उक्त अध्ययन प्रतिवेदन हालसम्म पनि सार्वजनिक भएको छैन ।

५ २०६५ चैतमा स्थलगत भ्रमणका क्रममा स्थानीय व्यक्ति तथा पीडितका परिवारहरूसँग गरिएको कुराकानीका साथै लास गाडिएको स्थलको अवलोकनका आधारमा ।

६ २०६५ चैतमा स्थलगत भ्रमणका क्रममा स्थानीय व्यक्ति तथा पीडितका परिवारहरूसँग गरिएको कुराकानीका आधारमा ।

७ २०६५ चैतमा स्थलगत भ्रमणका क्रममा स्थानीय व्यक्ति तथा पीडितका परिवारहरूसँग गरिएको कुराकानीका आधारमा ।

पाइएको छ र १६ वटा लासमा एउटा मात्र गोली लागेको छ। यसबाट गोली नजिकैबाट हानेको पुष्टि हुन्छ।[८]

नेकपा (माओवादी) द्वारा हत्या गरिएका तीन जना व्यक्तिहरू आ-आफ्नै पेसा/व्यवसाय गरेर बसेका सर्वसाधारण स्थानीय भएकाले घटनामा उनीहरूको प्रत्यक्ष सरोकार नभएको पुष्टि हुन्छ। तसर्थ, दोरम्बा घटनामा नेपाली सेना र घटनापश्चात् नेकपा (माओवादी) द्वारा निःशस्त्र व्यक्तिहरूको हत्या भएको देखिन्छ।

### ख) माडी घटना

चितवन जिल्ला, कल्याणपुर गाविसस्थित माडीको बाँदरमुढे खोलामा २०६२ जेठ २३ गते नेकपा (माओवादी) द्वारा माडीबाट नारायणगढतर्फ आइरहेको सार्वजनिक बसमा तारको सहायताले बसलाई लक्षित गरी गरिएको बम विस्फोटमा परी ३५ जना सर्वसाधारण तथा नेपाली सेनाका ३ जवानसमेत ३८ जनाको मृत्यु र ७३ जना सर्वसाधारण घाइते भएका थिए। उक्त घटनामा नेकपा (माओवादी) ले बाँदरमुढे खोलामा बिच्छाएको बम सर्वसाधारण व्यक्तिले खचाखच भरिएको सार्वजनिक बस आएको देखेर तारको सहायताले २०० मिटर टाढाबाट पड्काएका थिए। उक्त बसमा तत्कालीन शाही नेपाली सेनाका कम्तीमा १२ जना जवानसमेत सवार भएको देखिन्छ।[९] घटना घटाउनु पूर्व नेकपा (माओवादी) द्वारा सार्वजनिक सवारी साधनमा सेनालाई सवार नगराउन धम्की दिइएको तथा सेनालाई सर्वसाधारण तथा बस व्यवसायीहरूले पटक-पटक सार्वजनिक बसमा सवार नहुन आग्रह गरेका थिए।[१०] त्यसका बाबजुद पनि सेनाले सार्वजनिक सवारी साधन प्रयोग गरेको देखिन्छ।

सार्वजनिक बस र त्यसमा पनि बसभित्र र बसको छतमा गरी करिब १५० जना[११] सवार देख्दादेख्दै नेकपा (माओवादी) ले बसलाई लक्षित गरी बम विस्फोट गराएको पाइन्छ।

## २.१ पीडितसम्बन्धी जानकारी

दोरम्बा घटनामा १९ जनाको एकै स्थानमा सामूहिक हत्या गरिएको, एक जनालाई चाहिँ घटनास्थल अर्थात् युवराज मोक्तानको घर नजिकै आउँदै गर्दा गोली हानी मारिएको[१२] तथा एक जना महिलालाई सोही स्थानबाट

---

८ राष्ट्रिय मानवअधिकार आयोग, दोरम्बा घटना, अनुसन्धान समितिको स्थलगत निरीक्षण तथा प्रतिवेदन, २०६०, पृ. १२, लास अवलोकन प्रतिवेदन।

९ OHCHR report, "Attack against public transport in Chitwan and Kavrepalanchwok Districts: Investigation report, 18 August 2005", Para: 20.

१० OHCHR report, "Attack against public transport in Chitwan and Kavrepalanchwok Districts: Investigation report, 18 August 2005", Para: 32.

११ OHCHR report, "Attack against public transport in Chitwan and Kavrepalanchwok Districts: Investigation report, 18 August 2005", Para: 20.

१२ युवराज मोक्तानको घर नजिकै नेपाली सेनाको गोली लागि मृत्यु भएका टेकबहादुर थापामगर राजनीतिक कार्यक्रममा भाग लिन आएका र उनी निःशस्त्र रहेको कुरा २०६५ चैतमा स्थानीय व्यक्ति तथा पीडितका परिवारसँग गरिएको कुराकानीका आधारमा।

गिरफ्तार गरी बेपत्ता बनाई मारिएको पाइन्छ। उक्त घटनापश्चात् सुराकीको अभियोग लगाउँदै नेकपा (माओवादी) का स्थानीय कार्यकर्ताद्वारा तीन जना सर्वसाधारणको हत्या गरिएको थियो। यसरी उक्त घटनामा कुल २४ जनाको हत्या भएको थियो। हत्या हुनेमा १९ जना नेकपा (माओवादी) का निःशस्त्र कार्यकर्ता र पाँच जना सर्वसाधारण रहेको देखिन्छ।[१३] तीमध्ये १९ जना रामेछाप जिल्लाका र एक/एक जना क्रमशः ललितपुर, धनुषा, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक र सोलुखुम्बु जिल्लाका थिए। मारिएका २४ मध्ये १८ जना पुरुष र ६ जना महिला थिए। मृत्यु हुनेहरूको नामावली अनुसूची १ मा संलग्न गरिएको छ।

नेपाली सेनाद्वारा हत्या गरिएका २१ जनामध्ये १९ जना नेकपा (माओवादी) का कार्यकर्ता, एक जना स्थानीय प्राथमिक विद्यालयका शिक्षक र एक जना विद्यार्थी थिए। त्यस्तै, नेकपा (माओवादी) ले हत्या गरेका तीन जनामध्ये एक जना स्थानीय महिला स्वास्थ्य कार्यकर्ता र दुई जना स्थानीय व्यापारी थिए।

माडी घटनामा मृत्यु हुने ३८ जनामध्ये ३६ जनाको घटनास्थलमा र दुई जनाको उपचारार्थ भरतपुर ल्याउँदै गर्दा मृत्यु भएको थियो।[१४] तीमध्ये २१ जना चितवन जिल्लाका बासिन्दा थिए। बाहिरी जिल्लाकामध्ये पाँच जना नवलपरासीका, चार जना झापाका, पर्सा र कास्कीका दुई/दुई जना तथा तनहुँ, गोरखा, उदयपुर र सुर्खेतका एक/एक जना थिए। मृत्यु हुनेमध्ये तीन जना नेपाली सेनामा कार्यरत थिए।

यो घटनामा मृत्यु हुनेमा १८ पुरुष र २० महिला थिए , तीमध्ये सात जना बालबालिका पनि परेका थिए। उमेरका अनुसार कम्तीमा डेढ वर्षकी बालिकादेखि ७० वर्षकी वृद्ध महिलासमेत घटनामा परेका थिए। उक्त घटनामा परी ७३ जना घाइते भएका थिए। जसमध्ये ६९ जना घाइते चितवन जिल्लाका थिए। अयोध्यापुरी गाविस माडीका मात्र ३३ जना थिए भने माडी कल्याणपुर गाविसका २५ जना थिए। भरतपुर नगरपालिकाका चार जना र गर्दी गाविसका तीन जना, खैरहनी गाविसका दुई जना तथा बगौडा र शिवनगर गाविसका एक/एक जना थिए। बाहिरी जिल्लाका तीन जनामध्ये कास्की जिल्लाका दुई र एक जना लमजुङ जिल्लाका थिए। घाइते हुनेमा ४० जना पुरुष र ३३ जना महिला छन्।

माडी घटनामा मृत्यु र घाइते हुनेहरूको नामावली अनुसूची २ मा दिइएको छ।

## २.२ पीडकसम्बन्धी जानकारी

दोरम्बा घटनामा नेपाली सेनाको नारायणदल गुल्म, रामेछाप ब्यारेकबाट गएको संयुक्त सुरक्षा फौजद्वारा २१ जनाको हत्या भएको थियो। उक्त सुरक्षा बलको कमाण्डको नेतृत्व नेपाली सेनाका मेजर राममणि

१३ २०६५ चैतमा स्थलगत भ्रमणका क्रममा स्थानीय व्यक्ति तथा पीडितका परिवारहरूसँग गरिएको कुराकानीका आधारमा तथा राष्ट्रिय मानवअधिकार आयोग, दोरम्बा घटना, अनुसन्धान समितिको स्थलगत निरीक्षण तथा प्रतिवेदन, २०६०, पृ. १३, समितिको निष्कर्ष।

१४ २०६६ जेठमा स्थलगत भ्रमणका क्रममा स्थानीय व्यक्ति तथा पीडितका परिवारहरूसँग गरिएको कुराकानीका साथै जिल्ला प्रहरी कार्यालय, भरतपुर, चितवनबाट प्राप्त रेकर्डका आधारमा।

पोखरेलले गरेका थिए भने सहायक कमाण्डर प्रहरी निरीक्षक प्रवीण के.सी. थिए। सैनिक अदालतद्वारा तत्कालीन सैनिक ऐन, २०१६ बमोजिम नेपाली सेनाका मेजर राममणि पोखरेललाई "आफ्नो मातहतमा रहेका फौजलाई आवश्यक कार्बाही गर" भनी गैरकानुनी आदेश दिएको र कमाण्ड कन्ट्रोल गर्न नसकेको आरोपमा दुई वर्षको कैदसहित सेवाबाट बर्खास्ती गरियो। यसका साथै जम. देवबहादुर थापाको एक तह घटुवा गरिएको र सहायक कमाण्डर, प्रहरी निरीक्षक प्रवीण के.सी.लाई आवश्यक कार्बाही अगाडि बढाउन नेपाल प्रहरीलाई सुझाव दिइएको थियो।[१५]

नेपाली सेनाका तत्कालीन मेजर राममणि पोखरेललाई नागरिक जेल नपठाई ब्यारेकमा नै दुई वर्ष बन्दी बनाई राखिएको थियो। सेवाबाट बर्खास्त भएपछि उनी विदेशमा गई बसेको भन्ने चर्चा सुनिन्छ।

यसबाहेक अन्य पीडकहरू तथा 'कमाण्ड रेस्पोन्सिविलिटी' प्रणालीअनुसार कमाण्डमा रहेका अन्य कुनै पनि व्यक्तिहरूमाथि कुनै कार्बाही अगाडि बढेको छैन। नेपाली सेनाले गठन गरेको दुईवटा अध्ययन टोली अर्थात् 'कोर्ट अफ इन्क्वायरी' मा पहिलो टोलीको संयोजक नेपाली सेना मानवअधिकार निर्देशनालयका प्रमुख निरेन्द्रप्रसाद अर्याल थिए भने दोस्रो टोलीका संयोजक प्रदीप विक्रम राणा थिए।

दुवै टोलीले घटनास्थलसम्म पुगी अध्ययन गर्न नसकेको पाइएको छ। ती प्रतिवेदनहरूमाथि व्यापक आलोचना भएपछि मोहनबहादुर बस्नेतको अध्यक्षतामा दामोदर सिलवाल र प्रकाश थापा सम्मिलित तेस्रो टोलीले २०६० माघमा स्थलगत अध्ययन गरी दोषीमाथि कार्बाहीको सिफारिस गरेको पाइयो।[१६] राष्ट्रिय मानवअधिकार आयोगद्वारा गरिएको छानबिनको प्रतिवेदन सार्वजनिक भएपछि व्यापक दबाबका कारण नेपाली सेनाले तेस्रो अध्ययन टोली गठन गरेर प्रतिवेदन बनाई सैनिक अदालतद्वारा कार्बाही अगाडि बढाएको देखिन्छ।

सो घटनापश्चात् नेकपा (माओवादी) ले रामेछापका तत्कालीन इन्चार्जको अगुवाईमा सेनालाई सहयोग गर्न सुराकी गरेको अभियोग लगाई तीन जना स्थानीय व्यक्तिहरूको हत्या गरेको थियो। उक्त हत्यामा अगुवाई गर्ने, संलग्न हुने तथा 'कमाण्ड रेस्पोन्सिविलिटी' प्रणालीअनुसार कमाण्डमा रहेका अन्य कुनै पनि व्यक्तिहरूमाथि कुनै पनि किसिमको कार्बाही अगाडि बढेको छैन।[१७] यस विषयमा जिल्ला प्रहरी कार्यालय रामेछापमा उजुरीसमेत दर्ता भएको पाइँदैन।

---

१५ नेपाली सेनाका मेजर राममणि पोखरेललाई तत्कालीन सैनिक ऐन, २०१६ को दफा ४९ क, ५४ र ६० बमोजिम कसुर किटान गर्दै सोही ऐनको दफा ६२ को उपदफा १ को घ बमोजिम २ वर्ष कैद र सोही ऐनको दफा ६२ को उपदफा १ को ङ बमोजिम सेवाबाट बर्खास्ती भएको र ज.म. देवबहादुर थापालाई तत्कालीन सैनिक ऐन, २०१६ को दफा ३४ र ५४ बमोजिम कसुर किटान गर्दै सोही ऐनको दफा ६२ को उपदफा १ को छ बमोजिम एक तह दर्जा घटुवा गरिएको सैनिक उपरथी बि.ए. कुमार शर्माद्वारा जानकारी। (स्रोतः सैनिक उपरथी बि.ए. कुमार शर्मासँग अनुसन्धान टोलीले २०६६ भदौ ३ गते लिएको अन्तर्वार्ता)।

१६ नेपाली सेनाका उपरथी बि.ए. कुमार शर्मासँग २०६६ भदौ ३ गते यस अध्ययन समूहले गरेको कुराकानीका आधारमा।

१७ २०६५ चैतमा स्थलगत भ्रमणका क्रममा स्थानीय व्यक्ति, पीडितका परिवारहरू तथा एनेकपा (माओवादी) रामेछाप जिल्ला कार्यालयका अधिकारीहरूसँग यस अध्ययन समूहले गरेको कुराकानीका आधारमा।

माडी घटनामा नेकपा (माओवादी) एरिया कमाण्डरको नेतृत्वमा रहेको समूह संलग्न रहेको पाइन्छ। उक्त घटनामा संलग्न पाँच जनालाई नेकपा (माओवादी) द्वारा कब्जामा लिई 'श्रम शिविर' मा पठाइएको नेकपा (माओवादी) ले भनेको र नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) द्वारा आफ्नो तर्फबाट गल्ती भएको स्वीकार गर्दै सार्वजनिक रूपमा क्षमा मागेको विभिन्न सञ्चारमाध्यममा आएको थियो। माओवादीले आन्तरिक कार्बाही गरेको भनेका व्यक्तिहरूको नाम निम्न छः अनकबहादुर मगर (खिसन), चण्डिका पौडेल (साहस), रामबहादुर कुमाल (सुजन), (हर्क) र (देवेन्द्र)।[१८] तर यीमध्ये कसैलाई पनि कुनै पनि किसिमको कानुनी कार्बाही भएको छैन। अहिले पीडक कहाँ रहेका छन् भन्ने जानकारी पाउन सकिएन।

यसका अतिरिक्त द्वन्द्वको समयमा र त्यसमा पनि नेकपा (माओवादी) द्वारा सार्वजनिक सवारी साधनमा सेनालाई सवार नगराउन धम्की दिएको तथा सेनालाई सर्वसाधारण तथा बस व्यवसायीहरूले पटकपटक सार्वजनिक बसमा सवार नहुन आग्रह गरेको अवस्थामा सर्वसाधारणलाई जोखिम पर्ने गरी आफू मातहतका सेनालाई हतियारसहित सार्वजनिक बसमा सवार हुन उत्प्रेरित गर्ने तथा निर्देशन दिने[१९] नेपाली सेनाका कुनै पनि पदाधिकारीमाथि 'कमाण्ड रेस्पोन्सिविलिटी' प्रणालीअनुसार कमाण्डमा रहेका अधिकृत तथा नेपाली सेनाका अन्य कुनै पनि व्यक्तिहरूमाथि कुनै पनि किसिमको कार्बाही अगाडि बढेको पाइएन।

यस घटनाका सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, चितवनमा नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल विरुद्ध हत्या शीर्षकको उजुरी दर्ता गरिएको[२०] भए पनि जनआन्दोलन-२ पश्चात् २०६३ सालमा नेपाल सरकारको निर्णय बमोजिम उक्त उजुरीउपर मुद्दा नचलाउने निर्णय भएको छ।[२१] अन्यका हकमा जिल्ला प्रहरी कार्यालय चितवनले मुलुकी ऐनको हत्याअन्तर्गत उजुरी दर्ता गरी अभिलेखीकरण गरेको छ तर कुनै किसिमको कार्बाही अगाडि बढेको छैन।

## २.३ पीडितहरूको अवस्था र अपेक्षा

स्थलगत भ्रमणका क्रममा दोरम्बा घटनाका नौ पीडित परिवारसँग कुराकानी गरिएको थियो। यस क्रममा एकै परिवारका दुई जनाको हत्या भएको, आठ परिवारका घरमूलीको हत्या भएको र पाँच परिवारको

---

१८ नेपालमा थाती रहेका जवाफदेहीका मुद्दाहरूमा संयुक्त राष्ट्रसङ्घ मानवअधिकार उच्चायुक्तको कार्यालय नेपालका प्रमुख रिचर्ड बेनेटले रिपोर्टर्स क्लबमा दिएको मन्तव्य, २०६६ साउन १४ गते।

१९ २०६६ जेठमा स्थलगत भ्रमणका क्रममा स्थानीय व्यक्ति तथा पीडितका परिवारहरूसँग गरिएको कुराकानीका आधारमा। घटनास्थलमा उद्धारका क्रममा उक्त बसमा सवार नेपाली सेनाको साथबाट हतियार भेटिएको कुरा पुष्टि भएको छ।

२० मुद्दा दर्ता नं. १८७/२०६२.२.२५

२१ नेपाल सरकार मन्त्रिपरिषद्को २०६३।२।२९ को निर्णयबमोजिम आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन तथा अध्यादेशअन्तर्गत नेपाल सरकार वादी भई विभिन्न अदालतहरूमा नेकपा (माओवादी) विरुद्ध दायर भएका सम्पूर्ण मुद्दाहरू फिर्ता लिने र सोही ऐन र अध्यादेशअन्तर्गतको कसुरउपर अनुसन्धानको क्रममा रहेका सम्पूर्ण मुद्दाहरू नचलाउने भनी निर्णय भएको छ।

आर्थिक स्थिति ज्यादै कमजोर रहेको पाइयो (हेर्नुहोस् बक्स १)।

घरमा कमाई गर्ने मुख्य व्यक्तिको अभावका साथै अन्य निकायबाट सहयोग नभएका कारण बालबालिकाको पठनपाठनमा कठिनाइ भइरहेको र तीमध्ये दुई परिवारका बालबालिकाले पढाइलाई निरन्तरता दिन नसकेको पाइयो। परिवारका सदस्यसाथै प्रत्येक महिलाहरूले घरमूलीको उपस्थितिमा सहायकको भूमिका निर्वाह गरिरहेकोमा घरमूलीको अनुपस्थितमा घरको मुख्य आय आर्जक तथा सहायकको दोहोरो भूमिका निर्वाह गर्नुपरेको छ। दोरम्बाको उक्त घटनामा मारिएका एक जना माओवादी कार्यकर्ताकी पत्नी दोस्रो विवाह गरी अन्यत्र गएकीले उनका तीन जना छोराछोरी अलपत्र परेको पाइयो।

बक्स १

**कैन्ली तामाङ** (दोरम्बा घटनाका पीडित लक्ष्मण तामाङकी पत्नी)

मेरा पति पार्टीको काम गर्नुहुन्थ्यो। परिवारमा तीन छोरी र दुई छोरा गरी जम्मा छ जना छौं। सानो छोरा ८ वर्षको छ। उसलाई नेकपा (माओवादी) को सहयोगमा काठमाडौंमा पढाइरहेकी छु। हाम्रो एकहल गोरू लाग्ने बारी मात्र भएकोले पति हुँदा ज्याला मजदुरी गरिने गरिन्थ्यो र गाह्रोसाह्रो गरेर परिवारको खर्च चलेको थियो। तर अहिले परिवार चलाउन गाह्रो छ। बारीमा उब्जेको अन्नले ६ महिना पनि धान्दैन। घरमा बनाएको जाँडरक्सी बेचेर परिवार चलाउँदै छु। त्यसबाहेक आम्दानीको अरु स्रोत केही छैन। पहिला पनि ऋण लागेको थियो। उक्त घटनापछि ऋणमाथि झन् ऋण थपिएको छ। घर राम्रो छैन, छानो राम्ररी छाउनसमेत सकेको छैन।

नेपाली सेनाद्वारा हत्या गरिएका व्यक्तिका परिवारले सरकारको तर्फबाट तत्कालीन राहतस्वरूप प्रमुख जिल्ला अधिकारीमार्फत २०६५ फागुनमा रु. एक लाख नगद पाएको देखिन्छ। त्यस्तै नेकपा (माओवादी) द्वारा हत्या गरिएका तीन जनाको परिवारले घटनाको केही समयपश्चात् रु. एक लाख पचास हजार र २०६५ फागुनमा रु. एक लाख नगद प्राप्त गरेको देखिन्छ।

उक्त राहत रकमप्रति सबै पीडित परिवार असन्तुष्ट रहेको र तत्काल उचित क्षतिपूर्ति तथा परिपूरणको व्यवस्थाका साथै छोराछोरीलाई पढाइ र रोजगारीमा सहयोग हुनुपर्ने अपेक्षा राखेको भेटिन्छ। यसका साथै, कुनै पनि पक्षसँग संलग्न भएको भए तापनि पीडकमाथि तत्काल कानुनी कार्बाही हुनुपर्ने माग रहेको छ।[२२]

माडी घटनामा पीडित भएका सात परिवारका सदस्यहरूसँग यो अनुसन्धान टोलीले २०६६ जेठमा छलफल गरेको थियो। घाइतेहरूले आफूले पहिले गर्दै आएको पेसा/व्यवसायलाई निरन्तरता दिन नसकेको, उपचारका लागि थप व्ययभार थपिनुका साथै ऋणसमेत लागेको बताएका छन्। घाइतेहरूलाई सरकारका तर्फबाट

२२ २०६५ चैतमा दोरम्बाको स्थलगत भ्रमणका क्रममा स्थानीय व्यक्ति तथा पीडितका परिवारहरूसँग गरिएको कुराकानीका आधारमा।

निःशुल्क औषधी उपचार उपलब्ध गराउने भनिएकोमा घटनाको समयमा अस्पतालमा उपलब्ध गराइएको प्राथमिक उपचार सुविधाबाहेक कुनै पनि सहयोग नपाएको, आर्थिक समस्या परेर उपचार गराउन नसकेको, औषधी उपचार गरिरहनुपर्ने अवस्थाका घाइतेहरूले उपचारका क्रममा आफूहरूसँग भएको चलअचल सम्पति तथा घरजग्गासमेत बिक्री गर्नुपरेको बताए। केही पीडितको घरमूली नै घाइते भएर केही काम गर्न नसक्ने अवस्थामा पुगेका हुनाले महिलामाथि थप जिम्मेवारी बढेको पाइयो (हेर्नुहोस् बक्स २)।

बक्स २

**सीता अधिकारी** (कृष्ण अधिकारीकी पत्नी)

मेरा पति माडी घटनामा घाइते हुनु भएपछि लामो समयसम्म औषधी उपचार गरियो । तर पनि आफूले पहिले गर्दै आएको काम गर्न सक्ने अवस्थामा उहाँलाई ल्याउन सकिएन । एउटा बैसाखीको सहारामा हिँड्न सक्नेसम्म हुनुभएको छ । पहिले उहाँले घरको सबैजसो काम गर्नुहुन्थ्यो । तर घटना भएपछि सबै जिम्मेवारी मेरै काँधमा पर्न आयो । अझ लोग्नेको औषधी उपचारका लागि खर्चको जोहो मिलाउनुपर्दा र छोरा-छोरीको पढाइसमेत हेर्नुपर्दा मलाई गाह्रो भएको छ । उहाँको खान-पान, सरसफाइ र दिसा-पिसाबसमेत गराइदिनुपर्ने कामको बोझले मेरो कम्मर भाँचेको छ । यसबाट हामी परिवारै पीडित भएका छौं ।

माडी घटनाका पीडितहरूमध्ये मृत्यु हुनेका परिवारले तत्काल राहतस्वरूप रु. एक लाख पचास हजार र प्रमुख जिल्ला अधिकारीमार्फत रु. एक लाख नगद तथा घाइतेहरूले प्राथमिक उपचार सेवा प्राप्त गरेका छन्। सरकारका तर्फबाट प्राप्त राहतप्रति सबै पीडित परिवारमा तीव्र असन्तोष रहेको छ। तत्काल उचित क्षतिपूर्ति तथा परिपूरणको व्यवस्थाका साथै छोराछोरीलाई पढाइ र रोजगारीमा सहयोग हुनुपर्ने अपेक्षा राखेका छन्।

घटना भएको स्थलमा बाँदरमुढे घटना पीडित समितिका तर्फबाट स्मारक[२३] निर्माण गर्ने क्रममा नेकपा (माओवादी) ले प्रतिवाद गरेको र मानवअधिकारवादीको आवरणमा नेकपा (माओवादी) समर्थितहरूले मानसिक रूपमा तनावसमेत दिएको कुरा पीडितहरूले बताए।[२४]

पीडितहरूले पीडकहरूमाथि तत्काल कानुनी कार्बाही हुनुपर्ने माग गरेका छन्। घटना भएको लामो समयसम्म पनि पीडकलाई कुनै कार्बाही नभएकोमा प्रतिशोधको भावनासमेत व्यक्त गरेका छन् (हेर्नुहोस् बक्स ३)।

दुवै घटनाका पीडितहरूका अपेक्षा तथा मागहरूलाई क्रमबद्ध गर्दा पीडकलाई तत्काल कानुनी कार्बाही हुनुपर्ने माग सबैभन्दा महत्त्वपूर्ण रूपमा अगाडि आएको पाइएको छ। दोस्रोमा बालबालिकाको शिक्षा तथा रोजगारीमा सहयोग, त्यसपछि तत्काल राहत, क्षतिपूर्ति तथा निःशुल्क औषधी उपचार सुविधा पाउनुपर्ने,

२३ बाँदरमुढे घटना पीडित समितिले स्मारक निर्माण गरेका छन्। स्मारकमा मृतक तथा घाइतेका नाम उल्लेख छ। स्मारक बनाउन नेपाली सेनाको समेत सहयोग उल्लेख्य रहेको पाइयो।

२४ २०६६ जेठमा स्थलगत भ्रमणका क्रममा स्थानीय व्यक्ति तथा पीडितका परिवारहरूसँग गरिएको कुराकानीका आधारमा।

बक्स ३

मेरी आमा बसमा चढी नारायणगढ जान लाग्दा घटनामा परी हामीलाई छाडेर जानुभयो । घरमा आमा नहुँदा धेरै नरमाइलो लाग्छ । हामीलाई बाँच्नका लागि सहयोग चाहिएको छ । हामी जस्ता गरिब सर्वसाधारणलाई मार्ने ती व्यक्तिहरूलाई केही पनि कार्बाही नहुँदा झन् दुःख लाग्छ । उनीहरूलाई पनि त्यसरी नै मार्नुपर्छ । (घटनामा आमा गुमाएकी एक बालिका)

पीडित परिवारका निम्ति रोजगारी या आयमूलक कार्यक्रमको व्यवस्था हुनुपर्ने, पीडितको बस्तीमा विकास निर्माणका कार्यक्रम अगाडि बढाउनुपर्ने माग रहेका छन् ।

## ३. सशस्त्र द्वन्द्व र मानवअधिकार

वि.सं. २०५२ सालमा सशस्त्र द्वन्द्व सुरु भएपछि मानवअधिकारको अवस्था क्रमशः कमजोर बन्दै गयो। द्वन्द्वको अवधिमा राज्यले पटकपटक सङ्कटकालीन अवस्थाको घोषणा गर्‍यो। आतङ्ककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय ऐन जारी भयो। वि.स. २०५८ र २०६० गरी दुई पटक युद्धविराम गरेर शान्तिवार्ता गरिए पनि सफल भएन। युद्धविरामको अवधिमा समेत हत्या र हिंसाका घटना भए। दोरम्बा घटना यसै कडीमा पर्दछ।

सशस्त्र द्वन्द्वको अवधिमा राज्यद्वारा व्यक्तिहरूलाई बेपत्ता पार्ने, कानुनी प्रक्रिया पूरा नगरी पक्राउ गरेर लामो समयसम्म थुनामा राख्ने, गिरफ्तार वा कब्जामा परेका व्यक्तिहरूलाई यातना दिने वा मार्ने जस्ता कार्यहरू गरिएका तथ्य मानवअधिकारसम्बन्धी विभिन्न निकायहरूबाट गरिएका अनुगमनबाट प्रकाशमा आएका थिए।

विद्रोही पक्ष तत्कालीन माओवादीले पनि फरक विचार राख्नेहरूलाई विभिन्न किसिमका भौतिक कार्बाही गर्ने, आर्थिक लुट गर्ने, आर्थिक सहयोग नगर्नेलाई कुटपिट गरी अङ्गभङ्गसमेत गर्ने, अपहरण गरी श्रम कैदमा राख्ने, निहत्था नागरिकको हत्या गर्ने, बालबालिकालाई युद्धका लागि प्रयोग गर्ने र जबर्जस्ती माओवाद स्वीकार गर्न बाध्य बनाउने जस्ता कार्यहरू गरेका थिए। माओवादीका यस्ता क्रियाकलापका कारण हजारौं परिवार विस्थापित हुन पुगेका थिए।

विद्यालय शान्ति क्षेत्र हो भन्ने मन्यताको अवज्ञा भयो। खाद्यान्न तथा औषधी जस्ता अति आवश्यक वस्तुहरूको आपूर्तिमा अवरोध पुर्‍याइयो। विकास निर्माण र निजी सम्पत्ति उपभोग गर्नमा पनि दुवै पक्षबाट अवरोध पुर्‍याइए।[२५]

सशस्त्र द्वन्द्वको समयमा भएका कतिपय घटनाहरूमा न्यूनतम मानवअधिकारको उपभोग गर्नबाट पनि

२५ राष्ट्रिय मानवअधिकार आयोगका अनुगमन प्रतिवेदनहरू – www.nhrcnepal.org

नागरिकहरू वञ्चित भएका थिए। दुवै पक्षद्वारा मारिएका मानिसहरूको सङ्ख्या १३,२३६ पुग्यो।[२६] यस अध्ययनका लागि छानिएका घटनासँग सम्बन्धित जिल्लाहरू, रामेछापमा २३८ जना र चितवनमा २३६ जनाले सशस्त्र द्वन्द्वमा ज्यान गुमाएका थिए।[२७]

सशस्त्र द्वन्द्वका समयमा मानवअधिकार उल्लङ्घनका गतिविधिहरू सामान्यदेखि गम्भीर प्रकृतिसम्मका छन्। सन् २००३ र २००४ मा संसारमा बढी व्यक्ति बेपत्ता पार्ने मुलुकको स्थानमा नेपालको नाम लेखिन पुगेको थियो।[२८] राष्ट्रिय मानवअधिकार आयोगले २०५७/०५८ देखि २०६१/०६२ सम्म कुल १,६१९ जना बेपत्ता भएको भनी उजुरी दर्ता भएको बताएको थियो।

## ३.१ राष्ट्रिय कानुन तथा सम्झौताहरू

### *३.१.१ नेपालको अन्तरिम संविधान, २०६३*

तात्कालीन सात दल[२९] र विद्रोही नेकपा (माओवादी) बीच छिमेकी देश भारतको नयाँ दिल्लीमा २०६२ मङ्सिर ७ गते बाह्र बुँदे समझदारी गरेर सशस्त्र सङ्घर्ष रोक्ने सम्झौता भयो। सोही सम्झौताको आधारमा देशमा व्यवस्था परिवर्तनका लागि शान्तिपूर्ण नागरिक आन्दोलन सुरु भयो। जसलाई दोस्रो जनआन्दोलन २०६२/०६३ भनियो।

त्यो जनआन्दोलनमार्फत नेपाली नागरिकले देशमा लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा आवाज बुलन्द गरे। नेपाल अधिराज्यको संविधान, २०४७ लाई खारेज गरी नेपालको अन्तरिम संविधान, २०६३ जारी भयो। अन्तरिम संविधानमा अन्य विषयका अतिरिक्त सशस्त्र द्वन्द्वले क्षतविक्षत पारेको नेपाली समाजलाई पुनः आत्मविश्वास प्राप्त गर्नेतर्फ अघि बढाउन सङ्क्रमणकालीन न्यायको अवधारणा पनि समावेश गरियो। अन्तरिम संविधानले व्यवस्था गरेको सङ्क्रमणकालीन न्यायसम्बन्धी केही प्रावधानहरू यस प्रकार छन्ः

- सशस्त्र द्वन्द्वका क्रममा मारिएकाहरूका परिवारलाई तथा यस क्रममा घाइते भई अपाङ्ग र अशक्त भएकाहरूलाई उचित राहत, सम्मान तथा पुनर्स्थापनाको व्यवस्था गर्ने,[३०]
- सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने।[३१]

---

२६ http://www.insec.org.np/victim/reports/district.pdf

२७ ऐ.ऐ.।

२८ विस्तृत जानकारीका लागि हेर्नुहोस्ः जबर्जस्ती बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यदलको प्रतिवेदन (A/HRC/7/206, 10 January 2008)

२९ नेपाली काङ्ग्रेस, नेकपा (एमाले), नेपाली काङ्ग्रेस प्रजातान्त्रिक, जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी, वाममोर्चा नेपाल र नेपाल सद्भावना पार्टी आनन्दीदेवी।

३० नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ (त)।

३१ ऐ.ऐ., धारा ३३ (ध)।

*३.१.२ विस्तृत शान्ति सम्झौता, २०६३*

नेपाल सरकार र नेकपा माओवादीबीच २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौता सम्पन्न भई सशस्त्र युद्धको औपचारिक अन्त्य भयो । सम्झौताका पक्षहरूले मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानवअधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिबद्ध रहेको जनाएका थिए । दुवै पक्षले आ-आफ्ना मातहतका सबै निकायलाई यो सम्झौता तत्काल कार्यान्वयन तथा पालना गर्न आवश्यक निर्देशन जारी गर्ने र कार्यान्वयन गर्ने गराउने भनी सहमति पनि जनाएका थिए ।

सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरूका लागि राहत कार्य र पुनर्स्थापन गराउन राष्ट्रिय शान्ति तथा पुनर्स्थापन आयोग गठन गरी त्यसमार्फत काम अगाडि बढाउन दुवै पक्ष सहमत भएको कुरा सम्झौताको बुँदा ५.२.४ मा परेको छ । त्यस्तै दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरूको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत भएको कुरा शान्ति सम्झौताको बुँदा नं. ५.२.५ ले दर्साउँछ । द्वन्द्व र यातना पीडित तथा बेपत्ता पारिएकाहरूको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्ने भनेर बुँदा ७.१.३ मा लेखिएको छ ।

### ३.२ अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुन

रामेछापको दोरम्बा र चितवनको माडीका दुईवटै घटना सशस्त्र द्वन्द्वका समयमा भएकाले यसमा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनका साथै अन्तर्राष्ट्रिय मानवीय कानुनसमेत आकर्षित हुन आउँछ । युद्धको समयमा लागू हुने जेनेभा महासन्धिको साझा धारा ३ (जसले विद्रोही पक्षलाई समेत समेट्छ) ले निम्न कारबाहीहरू गर्न जुनसुकै ठाउँ र समयमा निषेध गरेको छः

१. जीउज्यान विरुद्ध प्रयोग गर्ने, विशेष गरी सबै किसिमको हत्या, अङ्गभङ्ग, क्रूर व्यवहार र यातना दिने ।
२. व्यक्तिलाई बन्धक बनाउने ।
३. व्यक्तिगत मर्यादामा आघात पुऱ्याउने, विशेष गरी अपमानजनक र तिरस्कारपूर्ण व्यवहार गर्ने ।
४. सभ्य नागरिकले अत्यावश्यक ठानेका कानुनी प्रत्याभूति भएको नियमित अदालतको निर्णयबिना दण्ड सुनाउने र त्यसलाई कार्यान्वयन गर्ने ।

जेनेभा महासन्धिको साझा धारा ३ द्वारा निषेध गरिएका कामकार्बाही या गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घन भएमा व्यक्तिगत जवाफदेहीका आधारमा समेत दायित्व वहन गर्नुपर्ने हुन्छ । जेनेभा महासन्धिको साझा धारा ३ ले युद्धमा भाग नलिएका नागरिकहरूको सुरक्षालाई विशेष महत्त्व दिएको छ । यसभन्दा

अगाडि बढेर चर्चा गर्ने हो भने युद्धमा भाग नलिएका नागरिकहरूलाई मानवीय तवरले व्यवहार गर्नुपर्ने हुन्छ र त्यस्तो व्यवहार गर्दा कुनै धर्म, लिङ्ग, जातीयता, जन्म वा सम्पत्तिका आधारमा समेत भेदभाव गर्न हुँदैन भन्ने कुरा स्पष्ट उल्लेख गरिएको छ। त्यसैगरी अन्तर्राष्ट्रिय फौजदारी अदालतको धारा ८.२ (सी) मा[३२] सशस्त्र द्वन्द्वको अवधिमा जेनेभा महासन्धिको साझा धारा ३ का प्रावधानको उल्लङ्घन हुनेगरी कोही कसैको अधिकार हनन गरेका खण्डमा युद्ध अपराध गरिएको मानिने व्यवस्था छ।

विशेषतः युद्धमा संलग्न नभएका व्यक्तिहरूका हकमा यो व्यवस्था अझ बढी आकर्षित हुन्छ। त्यसैगरी हतियार बिसाइसकेका हतियारधारी समूहका सदस्यहरू बिरामी वा घाइते वा कैदमा परेका छन् भने तिनीहरूउपर जीवनको अधिकारको हनन हुने गरी कुनै कार्बाही भएको रहेछ भने युद्ध अपराध गरेको मानिन्छ। अझ स्पष्ट भाषामा भन्दा, जुनसुकै प्रकारको हत्या र यातनालाई युद्ध अपराधको कोटिमा राखिएको छ।

पूर्व युगोस्लाभियाका लागि अन्तर्राष्ट्रिय फौजदारी न्यायाधीकरण (International Criminal Tribunal for former Yogoslavia (ICTY)[३३] को विधानको धारा २ र रुवान्डाका लागि अन्तर्राष्ट्रिय फौजदारी न्यायाधीकरण (The International Criminal Tribunal for Rwanda (ICTR)[३४] को विधानको धारा ४ मा ती दुवै ट्राईब्युनललाई जेनेभा महासन्धिका प्रावधानहरू उल्लङ्घन भएकोमा कार्बाहीसमेत गर्ने अधिकार दिइएको छ। ती अधिकारहरू पूर्व युगोस्लाभियाको सशस्त्र द्वन्द्व र रुवाण्डाको सशस्त्र द्वन्द्वमा युद्धरत पक्षहरूले जेनेभा महासन्धिको प्रावधानलाई उल्लङ्घन गरेकाले ती अधिकारहरू ट्राईब्युनललाई विशेष रूपमा दिइएका हुन्।

अन्तर्राष्ट्रिय प्रकृतिका फौजदारी अपराधलाई सम्बोधन गर्नाका लागि बीसौं शताब्दीको सुरुआतदेखि नै अस्थायी प्रकृतिका चारवटा अन्तर्राष्ट्रिय ट्राईब्युनलहरू गठन भएका थिए।[३५] १७ जुलाई १९९८ मा

---

३२ ICC Rome Statute, 8.2 (c): In the case of an armed conflict not of an international character, serious violations of article 3 common to the four Geneva Conventions of 12 August 1949, namely, any of the following acts committed against persons taking no active part in the hostilities, including members of armed forces who have laid down their arms and those placed *hors de combat* by sickness, wounds, detention or any other cause: (i) Violence to life and person, in particular murder of all kinds, mutilation, cruel treatment and torture; (ii) Committing outrages upon personal dignity, in particular humiliating and degrading treatment; (iii) Taking of hostages; (iv) The passing of sentences and the carrying out of executions without previous judgement pronounced by a regularly constituted court, affording all judicial guarantees which are generally recognized as indispensable.

३३ UN Security Council resolution 808 of 22 February 1993.

३४ UN Security Council resolution 955 of 8 November 1994.

३५ International military tribunal of Nuremberg; Tokyo tribunal; ICTY (1993): In May 1993, the Tribunal was established by the United Nations in response to mass atrocities then taking place in Croatia and Bosnia and Herzegovina. The ICTY was the first war crimes court created by the UN and the first international war crimes tribunal since the Nuremberg and Tokyo tribunals. It was established by the Security Council in accordance with Chapter VII of the UN Charter; ICTR:

भएको संयुक्त राष्ट्रसङ्घको महासभा (जसलाई रोम सम्मेलनको नामले पनि चिनिन्छ) ले स्थायी प्रकृतिको ट्राईब्युनलका साथै अन्तर्राष्ट्रिय फौजदारी अदालतको गठनको निम्ति तयार रोम विधान पारित गऱ्यो ।

अन्तर्राष्ट्रिय फौजदारी कानुनले अपराधमा व्यक्तिको पनि उत्तरदायित्व रहने प्रावधान पहिले पनि गरेको थियो । तर त्यसलाई अझ बढी प्रभावकारी बनाउनका लागि दोस्रो विश्वयुद्धपछि स्थापना गरिएका नुरेम्बर्ग र टोकियो ट्राईब्युनलको निर्णयलाई समेत ध्यानमा राखेर युद्ध अपराध, शान्ति विरुद्धको अपराध र मानवता विरुद्धको अपराधमा सक्रिय रहेको व्यक्तिको उत्तरदायित्व अन्तर्राष्ट्रिय तहमा समेत रहन्छ, भनिएको छ ।[३६] रुवाण्डाका लागि अन्तर्राष्ट्रिय फौजदारी न्यायाधीकरण (ICTY), पूर्व युगोस्लाभियाका लागि अन्तर्राष्ट्रिय फौजदारी न्यायाधीकरण (ICTY) र अन्तर्राष्ट्रिय फौजदारी अदालत (ICC) को स्थापना गर्दा पनि यो प्रावधानलाई समावेश गरिएको थियो । यसबाहेक, कुनै पनि किसिमका अपराधहरू छानबिन गर्नु, अपराधीलाई कार्बाही गर्नु र अपराध गर्ने व्यक्तिलाई जवाफदेही बनाउनु राज्यको स्वाभाविक उत्तरदायित्व त रहेकै हुन्छ ।

आईसीटीवाई (ICTY) को धारा ७(१) र आईसीटीआर (ICTR) को विधानको धारा ६(१) मा सम्बन्धित विधानमा उल्लेख गरिएका अपराधहरूको योजना बनाउने, आदेश दिने, कार्यान्वयन गर्ने अथवा कुनै प्रकारले सहयोग गर्ने व्यक्तिहरू व्यक्तिगत रूपमा अपराधप्रति जवाफदेही हुने व्यवस्था छ । यसैगरी अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको धारा २५ मा पनि यस्तै प्रावधान राखिएको छ ।

यी प्रावधानहरू नेपालको दोरम्बा र माडी घटनामा पनि लागू हुन्छन् । अर्थात्, ती घटनाका लागि जजसले योजना बनाए, जजसले आदेश दिए, अनि जजसले कार्यान्वयन गरे, ती सबै व्यक्तिहरू व्यक्तिगत रूपमा अपराधप्रति जवाफदेही हुन्छन् । किनभने ती घटना अन्तर्राष्ट्रिय तहकै अपराध हुन् । अन्तर्राष्ट्रिय स्तरका ट्राईब्युनल र अदालतका प्रावधानहरूलाई पन्छाएर दुवै मामिला सुल्झाउन सकिँदैन ।

कतिपय घटनामा अपराध गर्न आदेश दिने व्यक्तिहरू राज्य प्रमुख वा सरकार प्रमुखसमेत हुन सक्तछन् । त्यसैगरी विद्रोही समूहबाट पनि प्रमुख कमाण्डरको संलग्नता हुन सक्तछ, तर तिनले आदेश दिएका मात्रै पनि हुन सक्तछन् । योजना बनाउने र कार्यान्वयन गर्ने काममा, कतिपय अवस्थामा तल्लो दर्जाका व्यक्तिको प्रत्यक्ष संलग्नता हुन सक्तछ । यस्तो अवस्थामा अपराधीलाई न्यायको कठघरामा ल्याउनाका लागि नै अन्तर्राष्ट्रिय फौजदारी कानुनले विशेष व्यवस्था गरेको हो । आईसीटीवाई (ICTY) को दफा ७(२) र आईसीटीआर (ICTR) को दफा ७(२) मा स्पष्ट भनिएको छ– “दोष लागेको व्यक्ति राज्य प्रमुख वा सरकार प्रमुख वा जिम्मेवार सरकारी अधिकारी जोसुकै भए तापनि व्यक्तिगत तहको जवाफदेहीबाट उम्कन पाउँदैन र कानुन बमोजिमको सजायमा पनि कटौती हुन सक्तैन ।”

---

by resolution 977 of 22 February 1995, the Security Council decided that the seat of the Tribunal would be located in Arusha, United Republic of Tanzania.

३६ D. Evans Malcolm, *International Law*, Second Edition, Oxford press 2006, p. 733

नेपाल अन्तर्राष्ट्रिय मानवअधिकार कानुन लागू गराउन तथा पालना गर्न र गराउन सहमत हस्ताक्षरकारी राष्ट्र हो । नेपालले मानवअधिकारसँग सम्बन्धित मुख्य महासन्धिहरूको अनुमोदन गरिसकेको छ। ती सबै कानुन नेपालका राष्ट्रिय कानुनसरह नै हुन् ।[३७] यस कारण ती अन्तर्राष्ट्रिय कानुनको प्रावधान पालना गर्नु गराउनु नेपाल राज्यको दायित्व पनि हो ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घको महासन्धिको दफा ६(१) मा "प्रत्येक मानवलाई जीवनको अधिकार छ" भनिएको छ। यो अधिकार "कानुनद्वारा नै संरक्षित रहन्छ तथा कसैले पनि स्वैच्छिक रूपमा जीवनको हरण गर्न पाउँदैन" भन्ने प्रावधान पनि राखिएको छ। संयुक्त राष्ट्रसङ्घको मानवअधिकार विषय समितिको दफा ६ को थप व्याख्यामा[३८] समेत "जीवनको अधिकार सर्वोच्च अधिकार हो, जो सङ्कटकालको अवस्थामा समेत हरण गर्न सकिँदैन" भनिएको छ। त्यसैगरी व्याख्याको बुँदा २ मा "युद्धको रोकथाम गर्नु राज्यको उच्च दायित्व हो" भनिएको छ। साथसाथै राज्यबाट स्वेच्छाचारी रूपमा मानिसको जीवन हरण हुन नपाओस् भनी सतर्क गराएको छ। संयुक्त राष्ट्रसङ्घको मानवअधिकार विषय समितिले सोही व्याख्याको ३ नं. बुँदामा आपराधिक क्रियाकलापबाट मानिसको जीवन बचाएर वा अपराधीलाई कार्बाही गरेर मात्र राज्यको दायित्व पूरा हुँदैन, राज्यको सुरक्षा संयन्त्रउपर स्वेच्छाचारी ढङ्गबाट हत्या वा अपराध गर्नसमेतमा रोक लगाउनुपर्दछ, भनिएको छ।

यस सन्दर्भमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को दफा २(३) समेतलाई ध्यान दिनु उपयुक्त हुन्छ। कुनै पनि व्यक्तिको यस महासन्धिमा व्यवस्था गरिएका कुनै पनि अधिकार हनन भएको पाइएमा राज्यले प्रभावकारी उपचारको व्यवस्था गरिदिनुपर्ने हुन्छ ।[३९] त्यस्तो उपचार कानुनसम्मत सक्षम अदालत, प्रशासनिक वा कानुनी अधिकारीबाट उपलब्ध हुनुपर्ने प्रावधान पनि राखिएको छ। राज्यका अन्य अङ्गका अधिकारीहरूले तोकिएका कानुनी उपचारलाई लागू गर्नुपर्ने कुरा पनि स्पष्टसँग उल्लेख गरिएको छ।

संयुक्त राष्ट्रसङ्घको मानवअधिकार समितिले यस विषयको महत्त्वलाई ध्यानमा राखेर थप व्याख्या गर्दै भनेको छ– यस अनुबन्धमा व्यवस्था गरिएका अधिकारहरूको उपभोग गराउनाका निम्ति न्यायालयमार्फत अनुबन्धका व्यवस्थाको प्रत्यक्ष प्रयोग गर्न सकिनेछ।

राज्यले प्रशासनिक संयन्त्रको व्यवस्था गर्दा पनि "मानवअधिकार उल्लङ्घन भएका घटनाहरूको अनुसन्धान स्वतन्त्र एवं निष्पक्ष अङ्गबाट यथासम्भव चाँडै गराउनु राज्यको उत्तरदायित्वभित्र पर्दछ" भनिएको छ। राष्ट्रिय मानवअधिकार आयोगलाई सक्षम र अधिकार सम्पन्न बनाएको खण्डमा यस किसिमका जिम्मेवारी पूरा गर्न सहज हुन सक्छ भन्नेतर्फ पनि राज्यको ध्यानाकर्षण गरिदिएको छ।

---

३७ सन्धि ऐन २०४७ को दफा ९।

३८ CCPR general comment No. 6, 30/04/82, sixteenth session, 1982.

३९ UN, ICCPR, Article 2(3) (b).

नेपालमा चलेको सशस्त्र युद्धको समयमा घटेका घटना भएकाले दोरम्बा र माडीका दुवै घटनामा अन्तर्राष्ट्रिय मानवीय कानुन आकर्षित हुन्छ । यस महासन्धिका कतिपय प्रावधानको व्याख्या गर्ने सन्दर्भमा माथिका दुवै कानुनी प्रावधानहरूलाई परिपूरकका रूपमा हेरिनुपर्छ, अलग्याएर हेर्नु हुँदैन ।[४०]

## ३.३ मावअधिकार संरक्षण समुदायको धारणा र प्रयास

राष्ट्रिय मानवअधिकार आयोगले दोरम्बा घटनाको स्थलगत अध्ययनका आधारमा उक्त घटनाको स्वतन्त्र र विस्तृत अनुसन्धान गरी दोषीलाई आवश्यक कार्बाही तथा पीडित परिवारलाई उचित राहतका साथै यस्ता घटनाहरू पुनः दोहोरिन नदिन आवश्यक सतर्कता अपनाउन सुरक्षा निकायलाई सचेत गराउन मिति २०६० भदौ २५ गते सरकारलाई सिफारिस गरेको देखिन्छ ।[४१]

त्यस्तै, राष्ट्रिय मानवअधिकार आयोगले माडी घटनाका सम्बन्धमा मिति २०६२ असार ३ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गरेको थियो ।[४२] आयोगले तत्कालीन अवस्थामा गरेका ती

---

४० HRC, General Comment no 31: 26/05/2004, Nature of the Legal Obligation Imposed on State parties to the Covenant, 18th session (Para: 11).

४१ आयोगको सिफारिसमा 'उक्त घटनाको स्वतन्त्र र विस्तृत अनुसन्धान गरी दोषीलाई आवश्यक कार्बाही तथा पीडित परिवारलाई उचित राहतको साथै यस्ता घटनाहरू पुनः दोहोरिन नदिन आवश्यक सतर्कता अपनाउन सरकारले सुरक्षा निकायलाई सचेत गराउन' उल्लेख छ ।

४२ राष्ट्रिय मानवअधिकार आयोगको माडी घटनाको अध्ययन प्रतिवेदनका आधारमा गरेका सिफारिस निम्न छन्:

- सुरक्षाकर्मीहरूलाई सर्वसाधारण यात्रुहरूको जीउज्यानमा जोखिम हुने गरी सर्वसाधारणले प्रयोग गर्ने गरेका सार्वजनिक सवारीसाधनहरूमा बर्दी वा बिनाबर्दीमा हतियारसहित यात्रा गर्ने कार्य तत्काल रोक्न ।
- सुरक्षाकर्मी र माओवादीबीच सशस्त्र भिडन्त भइरहने वर्तमान अवस्था तथा जुनसुकै दोहोरो भिडन्त हुन सक्ने कुरालाई दृष्टिगत गरी सर्वसाधारणले प्रयोग गर्ने सार्वजनिक सवारीसाधन, सर्वसाधारण भेला हुने सार्वजनिक ठाउँहरू जस्तै– शैक्षिक संस्था, सामुदायिक भवन, स्वास्थ्य केन्द्र, धार्मिकस्थल, जात्रा तथा हाटबजार लागेका आदि ठाउँमा सर्वसाधारणको जीउज्यानमा जोखिम पर्ने गरी कुनै काम कुरा नगर्न नगराउन तथा मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनका प्रावधानहरूलाई व्यवहारमा पूर्ण रूपमा पालन गर्न गराउन सुरक्षा निकायका सबै तहमा अविलम्ब निर्देशन जारी गर्न ।
- यस्तो प्रकारको घटना घट्न सक्छ भन्ने बस व्यवसायीद्वारा पूर्व जानकारी दिँदा पनि त्यसलाई गम्भीरतापूर्वक नलिई आवश्यक सतर्कतासमेत नअपनाउने स्थानीय प्रशासनिक अधिकारी र शाही नेपाली सेनालाई उक्त यात्रुवाहक बसमा चढ्न अनुमति प्रदान गर्ने जिम्मेवार सैनिक अधिकारीमाथि अन्तर्राष्ट्रिय मानवीय कानुनबमोजिम व्यक्तिगत जवाफदेही हुने भएकोले निजहरूलाई आवश्यक कारबाही गरी सोको विवरण आयोगलाई उपलब्ध गराई सहयोग गर्न ।
- श्री ५ को सरकारलाई घटनामा परी मृत्यु हुने सर्वसाधारण नागरिक तथा सैनिकका परिवारहरूलाई तत्काल अधिकतम क्षतिपूर्ति उपलब्ध गराउन, घटनामा परी घाइते भएका व्यक्तिहरूको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था राज्यबाट गर्न र क्षतिग्रस्त भएको सवारी साधनको क्षतिपूर्ति तत्काल उपलब्ध गराउन ।
- बसहरूमा सधैँजसो अत्यधिक यात्रुहरू चढी यात्रा गरिरहेको कुरामा स्थानीय प्रशासन विज्ञ हुँदाहुँदै पनि त्यसलाई व्यवस्थित गरी यात्रुहरूको चापअनुरूप यातायातका साधनको व्यवस्था गर्नुपर्ने विषयमा लापरबाही गरेको देखिन आएको हुँदा यस्ता विषयहरूमा सजग रहन स्थानीय प्रशासनलाई आवश्यक निर्देशन दिन ।
- आयोगको निरन्तर आग्रहका बाबजुद पनि सैनिक महत्त्व नभएका भौतिक संरचना ध्वस्त पार्ने र निर्दोष मानिसहरूलाई लक्षित गरी बम विष्फोटन गर्ने, व्यक्तिगत सम्पत्ति नष्ट गर्ने, हत्या गर्ने, अङ्गभङ्ग गर्ने तथा घाइते पार्ने कार्यलाई जारी राखेको पाइएकोले त्यस्ता कार्यलाई तत्काल बन्द गर्न नेकपा (माओवादी) लाई आह्वान २०६२।३।३ को निर्णय ।

सिफारिसहरू कार्यान्वयन गर्न गराउनाका लागि २०६६ असार २३ गते नेपाल सरकारलाई पुनः ध्यानाकर्षण गरेको पाइन्छ। घटनाका दोषीलाई कानुनी कार्बाही र पीडितलाई तत्काल यथोचित् परिपूरणको व्यवस्था गर्दै दण्डहीनताको अन्त्य, कानुनी शासनको प्रत्याभूति तथा जवाफदेही अभिवृद्धिका लागि निरन्तर दबाब सिर्जना गर्नुपर्ने तथा यसनिम्ति राष्ट्रिय मानवअधिकार आयोग र नागरिक समाजले निरन्तर सहकार्य गर्नुपर्ने राष्ट्रिय मानवअधिकार आयोगको भनाइ रहेको छ।[४३]

राष्ट्रिय मानवअधिकार आयोगका पूर्व सदस्य सुशील प्याकुरेलले[४४] दोरम्बा र माडी घटनाका पीडकहरूको पहिचान भइसकेको र उनीहरूलाई कार्बाही हुनुपर्ने माग उठिरहेको अवस्थामा समेत उनीहरूलाई प्रचलित कानुनबमोजिम कार्बाही हुन नसक्नुले कानुनी राजको उपहास भएको र दण्डहीनता संस्थागत भएको बताउनुभएको छ। दोरम्बा घटनाका क्रममा नेपाली सेनाले निःशस्त्र व्यक्तिहरूलाई हात बाँधी गोली हानेर मारेको र माडीको घटनामा नेकपा (माओवादी) ले सर्वसाधरण व्यक्तिहरू चढेको सवारी साधनमा बम विस्फोट गराएको हुनाले यी घटनाका दोषीहरूलाई सैनिक ऐनको आधारमा गरिएको कार्बाही वा नेकपा (माओवादी) को आन्तरिक कार्बाही मान्य नहुने र उनीहरूलाई प्रचलित ऐनका आधारमा कार्बाही हुनुपर्ने जिकिर श्री प्याकुरेलले गर्दै आउनु भएको छ।

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकारसम्बन्धी उच्चायुक्तको नेपाल कार्यालयले माडी घटनाको स्थलगत अध्ययन गरी नेकपा (माओवादी) ले युद्धमा सामेल नभएका सर्वसाधारणको हत्या गरेको कुरा ठहर गरेको छ र अन्तर्राष्ट्रिय मानवीय कानुन (जेनेभा महासन्धि) को साझा धारा ३ को उल्लङ्घन भएको कुरा उल्लेख गरेको छ।[४५]

सर्वसाधारणको जीउधनको रक्षा गर्ने पूर्ण जिम्मेवारी सरकारी पक्षको हुँदाहुँदै पनि उनीहरूलाई जोखिममा पार्दै नेपाली सेनाले पटकपटक सार्वजनिक बस प्रयोग गरेको पाइएको हुनाले सरकार र नेपाली सेना पनि उक्त घटनाप्रति जिम्मेवार रहेको र उनीहरूबाट समेत अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन भएको कुरा प्रतिवेदनमा उल्लेख गरिएको छ।[४६]

---

- नेकपा (माओवादी) लाई सर्वसाधारणले प्रयोग गर्ने सार्वजनिक सवारी साधान, सर्वसाधारण भेला हुने सार्वजनिक ठाउँहरू जस्तै– शैक्षिक संस्था, सामुदायिक भवन, स्वास्थ्य केन्द्र, धार्मिकस्थल, जात्रा तथा हाटबजार लागेका ठाउँ आदिमा सर्वसाधारणको जीउज्यान जोखिममा पार्ने गरी कुनै कार्बाही नगर्न नगराउन तथा मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनका प्रावधानहरूलाई व्यवहारमा पूर्ण रूपमा पालन गर्न गराउन आफ्ना मातहतका सबै तहमा अविलम्ब निर्देशन जारी गरी सो कुरालाई सार्वजनिक गर्न।
- नेकपा माओवादीलाई उक्त घटना घटाउनका लागि निर्णय गर्ने, योजना बनाउने तथा कार्यान्वयन गर्ने व्यक्तिहरूमा जेनेभा महासन्धि बमोजिम व्यक्तिगत जवाफदेही हुने भएकोले घटनाको अनुसन्धानका लागि उनीहरूको विवरण आयोगलाई उपलब्ध गराई सहयोग गर्न।

४३ राष्ट्रिय मानवअधिकार आयोगका सदस्य एवं प्रवक्ता गौरी प्रधानसँग २०६६ असार २२ गते गरिएको कुराकानीका आधारमा।

४४ राष्ट्रिय मानवअधिकार आयोगका पूर्व सदस्य सुशील प्याकुरेलकसँग २०६६ साउन १६ गते गरिएको कुराकानीका आधारमा।

४५ OHCHR report, "Attack against public transport in Chitwan and Kavrepalanchwok Districts: Investigation report, 18 August 2005", Para: 57, 58, 59, 60.

४६ OHCHR report, "Attack against public transport in Chitwan and Kavrepalanchwok Districts: In-

सरकार, नेपाली सेना र नेकपा (माओवादी) समक्ष घटनामा जिम्मेवार व्यक्तिलाई सजाय गर्न, दुवै पक्षबाट भएका अनुसन्धान प्रतिवेदन सार्वजनिक गर्न, प्रहरी अनुसन्धान तत्काल अगाडि बढाउन र सर्वसाधारणको जीउधन रक्षा गर्न पनि सो प्रतिवेदनमा सुझाव दिइएको छ।[४७]

### ३.४ परिपूरण र दण्डका लागि कानुनी व्यवस्था

दोरम्बा घटनामा नेपाली सेनाको कमाण्डमा रहेको संयुक्त सुरक्षाफौजले २१ जना निःशस्त्र व्यक्तिहरूको हत्या गरेको भए तापनि पीडकहरूलाई कानुनी कार्बाहीको लागि कुनै पनि प्रक्रिया अगाडि बढाइएको छैन। पीडित तथा मानवअधिकारकर्मीहरूको प्रयास बाबजुद पनि उक्त घटनाको उजुरी (FIR) जिल्ला प्रहरी कार्यालयमा दर्ता भएको छैन।[४८]

नेकपा (माओवादी) द्वारा सुराकीको आरोपमा दोरम्बामा हत्या गरिएका तीन जना सर्वसाधरणका हत्यारालाई कानुनी कार्बाही गर्न उजुरी दर्ता भएको भए तापनि पीडकलाई कानुनी कार्बाही गर्नेतर्फ कुनै प्रक्रिया अगाडि बढेको पाइँदैन। पीडितलाई पुग्न गएको क्षतिको परिपूरणमा तत्कालीन राहतबाहेक अन्य कुनै पनि सहयोग दिइएको छैन।

माडी घटनाका सम्बन्धमा चितवन जिल्ला प्रहरी कार्यालयबाट प्रारम्भिक स्थलगत अध्ययन गरिएको, घटनाको सर्जमिन गरिएको, प्रत्येक लासको मुचुल्का उठाई मृतकको फोटो खिचेर राखिएको, लासको पोष्टमार्टम भएको, जाहेरी बयान लिइएको, घटनास्थलमा प्राप्त वस्तुहरू फरेन्सिक ल्याबमा अनुसन्धानका लागि पठाइएको तथा घटनाको उजुरी प्रहरीमा दर्ता गरिएको छ।

चितवन जिल्ला प्रहरी कार्यालयले घटनासम्बन्धी प्रारम्भिक अध्ययनसहितको रेकर्ड फाइल व्यवस्थित तरिकाले राखेको पनि पाइन्छ। तर घटनाका सम्बन्धमा कोही पनि पक्राउ नपरेकाले अदालतमा मुद्दा चलाउन नसकेको भन्ने भनाइ प्रहरीको रहेको छ। नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) विरुद्ध उजुरी दर्ता भए पनि सरकारबाट उक्त उजुरीउपर कार्बाही नचलाउने निर्णय भइसकेको छ।[४९]

vestigation report, 18 August 2005", Para: 61, 62.

४७ OHCHR report, "Attack against public transport in Chitwan and Kavrepalanchwok Districts: Investigation report, 18 August 2005", Para: 64, 66.

४८ रामेछाप जिल्ला प्रहरी कार्यालय मन्थलीमा सम्पर्क गर्दा जाहेरी रेकर्ड अद्यावधिक रहेको कार्यालयका निमित्त प्रमुखले बताए तापनि २०६५ चैत ३१ गते जिल्ला प्रहरी कार्यालय मन्थलीमा गई सोधपुछ गर्दा घटनाका सम्बन्धमा जानकारी पाइएन। साथै एडभोकेसी फोरम रामेछापका जिल्ला संयोजक पाण्डव प्रसाईंका अनुसार घटना प्रहरीमा दर्ता हुन नसकेको जानकारी पाइयो।

४९ चितवन जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता नं. १८७/०६२-२-२५ रहेको फाइलमा नेपाल सरकार मन्त्रिपरिषद्को 'नेकपा (माओवादी) का नेता तथा कार्यकर्ताउपर आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन तथा अध्यादेशअन्तर्गत नेपाल सरकार वादी भई विभिन्न अदालतमा दायर भएका सम्पूर्ण मुद्दाहरू फिर्ता लिने र सोही ऐन र अध्यादेशअन्तर्गतको कसुर या अनुसन्धानका क्रममा रहेका सम्पूर्ण मुद्दाहरू नचलाउनेसम्बन्धी' निर्णय भए बमोजिम २०६३।२।२९ गते महान्यायाधिवक्ताको कार्यालयले पत्राचार गरेको र सोही पत्र बमोजिम श्री पुनरावेदन सरकारी वकिल कार्यालय, हेटौडाले मुद्दा फिर्ता लिने तथा मुद्दा नचलाउने कार्बाही हुन आदेशानुसार अनुरोध गरिएको मिति २०६३।२।३० को

### ३.५ संस्थागत तवरबाट भएका पहलहरू

दोरम्बा तथा माडी दुवै घटनामा विभिन्न संघसंस्थाहरूद्वारा स्थलगत अध्ययन गरी प्रतिवेदन सार्वजनिक गर्नुका साथै नेपाल सरकारलगायत सम्बन्धित निकायलाई सिफारिसहरू भएको पाइन्छ। तर सम्बन्धित निकायबाट ती सिफारिसहरू कार्यान्वयन भए नभएको निरन्तर अनुगमन भएको छैन। पीडकलाई कानुनी दायरामा ल्याउने प्रक्रिया अगाडि बढाउन र पीडितलाई समयमा परिपूरणको व्यवस्था गर्नाका लागि निरन्तर दबाबको अभाव देखिन्छ।

पीडितहरूलाई आफूहरूले न्याय पाउने छौं भन्ने कुरामा आशा र विश्वास घट्दै गएको पाइएको छ। पीडितहरूले नै सरकारलाई झकझक्याउन छाडेपछि दण्डहीनताको संस्कृतिलाई थप बढावा मिल्न गएको छ। जो ज्यादै खतरनाक विषय हो।

२०६६ असार २३ गते राष्ट्रिय मानवअधिकार आयोगले नेपाल सरकारसमक्ष दोरम्बा र माडी घटनाका सम्बन्धमा आफूले गरेका सिफारिस कार्यान्वयन गर्न पुनः पत्राचार गरेको पाइन्छ।[५०] तर सरकारी पक्षबाट कुनै प्रतिक्रिया जनाइएको पाइँदैन। राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिसहरू कार्यान्वयन नहुने स्थिति आउनु भनेको देशमा दण्डहीनताको संस्कृति चरमोत्कर्षमा पुगेको सङ्केत हो। देशको 'स्वतन्त्र र स्वायत्त संस्था'को हैसियतबाट अन्तरिम संविधान, २०६३ मार्फत 'संवैधानिक' हैसियत पाएको भए तापनि राष्ट्रिय मानवअधिकार आयोगलाई सरकारले प्रभावकारी बनाउन नसक्नु ज्यादै दुःखलाग्दो अवस्था हो। यस्तो अवस्थामा पीडित पक्षहरू निराश हुन पुग्नु स्वाभाविक देखिन्छ। जसले राज्यको उपस्थिति र कानुनी राज्यको अवधारणालाई नै खिल्ली उडाएको देखिन्छ।[५१]

## ४. अध्ययनको निष्कर्ष

नेपालको अन्तरिम संविधान, २०६३ ले सशस्त्र द्वन्द्वको क्रममा मारिएकाहरूको परिवार तथा त्यस क्रममा घाइते भई अपाङ्ग र अशक्त भएकाहरूलाई उचित राहत, सम्मान तथा पुनर्स्थापना गर्ने व्यवस्था[५२] गरेको भए तापनि राज्यले तत्सम्बन्धी व्यवस्थाको कार्यान्वयन गरेको पाइँदैन। त्यस्तै, राज्यले द्वन्द्वपीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ भनी अन्तरिम संविधानमा उल्लेख गरिएको छ। तर यो प्रावधानतर्फ पनि राज्यको ध्यान गएको कतै देखिँदैन।[५३]

---

पत्र समावेश गरी मुद्दा चलाउन नपाउने भनी उक्त दर्ता फाइलको अगाडि पृष्ठमा उल्लेख गरी राखिएको पाइयो।

५० राष्ट्रिय मानवअधिकार आयोगका सदस्य एवं प्रवक्ता गौरी प्रधानसँग २०६६ असार २२ गते गरिएको कुराकानीका आधारमा।

५१ ऐ.ऐ.।

५२ नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ (त)।

५३ ऐ.ऐ., धारा ३५ (१४)।

अध्ययनका क्रममा भेटिएका पीडित परिवार र पीडित स्वयंले आफूहरूले न्याय नपाएको गुनासो गरे। पीडितहरूले दोषीलाई कानुनी कार्बाही, बालबालिकाको शिक्षाको प्रबन्ध, परिवारका सक्षम सदस्यहरूलाई रोजगारीको व्यवस्था र निःशुल्क औषधी उपचारको व्यवस्था हुनुपर्ने माग राखेका छन्।

सरकारले मुद्दा फिर्ता लिएको सूचीमा माडी घटनाको मुद्दासमेत छ। चितवनका एक प्रहरी अधिकारीका अनुसार प्रहरीले अभियोजनका लागि तयार गरेको तर 'माथिको आदेश' का आधारमा मुद्दालाई अघि बढाइएको छैन। माओवादीले "घटनामा संलग्न भएकालाई कार्बाही गरिसकेको र पार्टी प्रमुखले समेत पटकपटक माफी मागिसकेको" भन्ने कारण देखाई ती मुद्दाहरू कानुनको दायराभित्र लान नदिएको बुझिन्छ।

दोरम्बा घटनामा संलग्नलाई सैनिक अदालतले कार्बाही गरिसकेको दाबी गरे तापनि कार्बाहीको प्रक्रिया पारदर्शी थिएन। अन्तर्राष्ट्रिय प्रकृतिको फौजदारी अपराध गरेकालाई नेपालको सैनिक अदालतले विभागीय कार्बाही गरेर मात्र पुग्दैन। यस्ता घटनाका छिनोफानो न्यायिक अदालतबाट मात्र सम्पन्न हुनुपर्दछ। कानुनी कार्बाही पनि सोही स्तरको हुनुपर्दछ भन्ने व्यवस्था अन्तर्राष्ट्रिय कानुनमा स्पष्ट छ।

अन्तर्राष्ट्रिय कानुनका दृष्टिमा दोरम्बा र माडीका घटनाहरू युद्ध अपराधका कोटिमा पर्दछन्। अन्तर्राष्ट्रिय अभ्यासलाई केलाउने हो भने यस्ता घटना भएका कतिपय देशमा संयुक्त राष्ट्रसङ्घले नै ट्राईब्युनल बनाइदिएको पाइन्छ। कतिपय देशमा चाहिँ सत्य निरूपण तथा मेलमिलाप आयोग बनाएर द्वन्द्वका समयमा भएका मानवअधिकार तथा मानवीय कानुन उल्लङ्घनका घटना र प्रवृत्तिलाई छानबिन गरी निर्णय लिन मद्दत गरेको पाइन्छ। द्वन्द्वका बेला भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको छानबिन गर्न रुवाण्डा, पूर्व युगोस्लाभिया, सियरालियोन र कम्बोडियामा संयुक्त राष्ट्रसङ्घको सक्रियतामा विशेष अदालतहरू गठन गरिएका छन् भने चिली, अर्जेन्टिना, दक्षिण अफ्रिका, पूर्वी टिमोर र फिलिपिन्समा सत्य निरूपण तथा मेलमिलाप आयोग गठन भएका छन्।

उपरोक्त दुई खाले संरचना देशको भू-राजनैतिक अवस्था अनुकूल हुनेगरी सिर्जना गरिएको भए तापनि तिनको मूल उद्देश्यचाहिँ न्याय निरूपण गर्नु नै थियो। अनुभव र इतिहासले के पनि देखाएको छ भने कतिपय गम्भीर प्रकृतिका फौजदारी अपराधको छानबिन गरी न्याय निरूपण गर्नका लागि सत्य निरूपण तथा मेलमिलाप आयोग मात्र पर्याप्त नहुन सक्छ। घटनाको मिहिन छानबिन गरेर न्यायलाई मूर्तरूप दिने हो भने दोरम्बा र माडी जस्ता मानवअधिकार उल्लङ्घनका घटनालाई समेट्न विशेष प्रकृतिको न्यायिक ट्राईब्युनल गठन गरी जिम्मेवारी दिनुपर्ने देखिन्छ।

स्वेच्छाचारी रूपमा व्यक्तिको जीवन हरण गर्ने कार्यलाई नेपालका कानुनहरूले पनि निषेध गरेका छन्। त्यसैले द्वन्द्वका समयमा भएका भए पनि यी दुवै घटनाको विद्यमान कानुनअनुसार अभियोजन गर्न सकिने र यसका लागि राज्यले कार्बाही सुरु गर्नुपर्ने जिकिर मानवअधिकारकर्मीहरूको रहेको छ।

नेपालमा हिंसा र दण्डहीनता बढ्नुमा विगतमा जघन्य मानवअधिकार हननका घटनामा राज्यले प्रभावकारी

रूपले सम्बोधन गर्न नसकेको कारण हो भन्नमा समेत यी दुईवटा घटना उदाहरण हुन सक्दछन् ।

केही युरोपेली मुलुकहरूले आफ्नो देशका कानुन प्रयोग गरेर विश्वव्यापी क्षेत्राधिकार कायम गरी गम्भीर प्रकृतिका मानवता विरोधी अपराध जहाँ गरिएका भए पनि स्वदेशी कानुनको दायरामा ल्याएर छानबिन गर्ने गरेका छन् । यसै मान्यतालाई आधार मानेर नेपाल सरकारले पनि द्वन्द्वका समयमा गरिएका मानवअधिकार विरोधी गम्भीर प्रकृतिका घटनाहरूलाई छानबिन गराउनुपर्छ । यस्ता घटनाहरू पनि छानबिन हुन सकेनन् भने यस्ता प्रकृतिका घटनाहरू बढ्न सक्छन् । त्यसो हुन नदिन पनि राज्य सचेत हुनु जरुरी हुन्छ ।

## अनुसूची १

दोरम्बा घटनामा संयुक्त सुरक्षा फौजद्वारा मारिएकाहरू

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १. | बाबुराम तामाङ 'पुष्प' | रामेछाप, वेथान-५ |
| २. | अम्बिका दाहाल 'ललिका' | इकुडोल-६, ललितपुर |
| ३. | प्रदीप दोङ 'रक्तिम' | वेथान-५, रामेछाप |
| ४. | नाम नखुलेका 'संगीता' | डडुवा-४, रामेछाप |
| ५. | हर्कबहादुर तामाङ 'यथार्थ' | फुलाशी-८, रामेछाप |
| ६. | रवि चौहान 'समीर' | गोलु-५, रामेछाप |
| ७. | उमा कार्की 'साहारा' | चनखु-३, रामेछाप |
| ८. | श्याम तमाङ 'इन्क्लब' | चनखु-९, रामेछाप |
| ९. | पदमराज गिरी 'असल' | पुरानागाउँ-८, रामेछाप |
| १०. | विष्णुमाया थापामगर 'विमा' | दोरम्बा-१, रामेछाप |
| ११. | ठूलोराम तामाङ 'छोक्पा' | दोरम्बा-३, रामेछाप |
| १२. | सानोराम तामाङ "तारा" | दोरम्बा-३, रामेछाप |
| १३. | लक्ष्मण तामाङ 'छाया' | दोरम्बा-३, रामेछाप |
| १४. | नाम नखुलेका 'जमिन' | धनुषा |
| १५. | नाम नखुलेका 'सोम' | काभ्रेपलाञ्चोक, चौवास |
| १६. | नाम नखुलेका 'विमला' | सोलुखुम्बु |
| १७. | युवराज मोक्तान (बाबु) | दोरम्बा-२, रामेछाप |
| १८. | लीला मोक्तान (छोरा) | दोरम्बा-२, रामेछाप |
| १९. | टेकबहादुर थापामगर 'विवेक' | दोरम्बा-१, रामेछाप |
| २०. | चतुरमान थामी 'समर' | |

बेपत्ता पारी हत्या गरिएकी भनिएकी महिला

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| २१. | नाम नखुलेका 'उषा' | सिन्धुपाल्चोक |

स्रोत : राष्ट्रिय मानवअधिकार आयोग

नेकपा (माओवादी) द्वारा हत्या गरिएका व्यक्तिहरू

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| २२. | रेलिमाया मोक्तान | दोरम्बा, रामेछाप |
| २३. | भीमबहादुर श्रेष्ठ | दोरम्बा, रामेछाप |
| २४. | विक्रम योञ्जन | दोरम्बा, रामेछाप |

## अनुसूची २

माडी घटनामा मारिएकाहरू

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १. | रामचन्द्र सुवेदी | कल्याणपुर ५, माडी चितवन |
| २. | विष्णुप्रसाद घिमिरे | कल्याणपुर ८, माडी चितवन |
| ३. | मिनकुमारी भण्डारी | कल्याणपुर ५, माडी चितवन |
| ४. | डिलमाया निउरे सापकोटा | कल्याणपुर ५, माडी चितवन |
| ५. | निश्चल सापकोटा | कल्याणपुर ५, माडी चितवन |
| ६. | डम्बरकुमारी तिवारी | कल्याणपुर ५, माडी चितवन |
| ७. | जानुका तिवारी | कल्याणपुर ५, माडी चितवन |
| ८. | रवि तिवारी | कल्याणपुर ५, माडी चितवन |
| ९. | दिलबहादुर सुनुवार | कल्याणपुर ४, माडी चितवन |
| १०. | आत्माराम सुवेदी | अयोध्यापुरी ७, माडी चितवन |
| ११. | अन्जील सुवेदी | अयोध्यापुरी ७, माडी चितवन |
| १२. | विष्णुमाया दुरा | अयोध्यापुरी ९, माडी चितवन |
| १३. | सानोमाया बोट | अयोध्यापुरी ८, माडी चितवन |
| १४. | सितादेवी न्यौपाने | अयोध्यापुरी ६, माडी चितवन |
| १५. | मिनु गुरुङ | अयोध्यापुरी ६, माडी चितवन |
| १६. | रमेश श्रेष्ठ | अयोध्यापुरी ५, माडी चितवन |
| १७. | रवीन्द्र महतो | अयोध्यापुरी ४, माडी चितवन |
| १८. | मीना प्रजा | अयोध्यापुरी ६, माडी चितवन |
| १९. | सुनबहादुर प्रजा | अयोध्यापुरी ६, माडी चितवन |
| २०. | मीनमाया बोटे | अयोध्यापुरी ९, माडी चितवन |
| २१. | चामुनारायण श्रेष्ठ | भरतपुर न.पा. २, चितवन |
| २२. | रेणु बराइली | भरतपुर न.पा. ५, चितवन |
| २३. | दीपेश बराइली | भरतपुर न.पा. ५, चितवन |
| २४. | दिनेश लम्साल | झापा |
| २५. | गंगादेवी लम्साल | झापा |
| २६. | दीपिका लम्साल | झापा |
| २७. | दीक्षा लम्साल | झापा |
| २८. | चन्द्रबाहादुर विष्ट | लमजुङ |
| २९. | सुमनसेन ठकुरी | नवलपरासी |
| ३०. | हरिप्रिया भण्डारी | नवलपरासी |
| ३१. | यज्ञराज पौडेल | सिखौली, नवलपरासी |

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| ३२. | श्रीकुमारी गुरुङ | सर्दी, नवलपरासी |
| ३३. | खुमकुमारी पौडेल | सिखौली, नवलपरासी |
| ३४. | मीठुमाया कार्की | पोखरा न.पा. ९, कास्की |
| ३५. | सुष्मा कार्की | पोखरा न.पा. ९, कास्की |

मारिएका सैनिक जवानहरू

| क्र.सं. | त्र.नं. | नाम | ठेगाना |
|---|---|---|---|
| ३६. | १५९२३१ | टंकबहादुर ग्यामी मगर (प्युठ) | तार्कुघाट ३, गोरखा |
| ३७. | १८९७७५ | धनबहादुर आ.म. (सिपाही) | तावाश्री ५, उदयपुर |
| ३८. | १९४४९८ | पदमबहादुर घ.म. (सिपाही) | दहचौर ४, सुर्खेत |

माडी घटनामा घाइते भएकाहरू

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १. | लेखनाथ अधिकारी ‘कृष्ण’ | अयोध्यापुरी २, माडी, चितवन |
| २. | दुर्गामाया मगर | अयोध्यापुरी २, माडी, चितवन |
| ३. | धनकुमारी पौडेल | अयोध्यापुरी २, माडी, चितवन |
| ४. | विष्णुमाया वि.क. | अयोध्यापुरी ७, माडी, चितवन |
| ५. | सावित्री ढकाल | कल्याणपुर ४, माडी, चितवन |
| ६. | पूर्णबहादुर जि.सी. | कल्याणपुर ४, माडी, चितवन |
| ७. | सीता सुवेदी | अयोध्यापुरी ७, माडी चितवन |
| ८. | नरमाया आचार्य | कल्याणपुर ५, माडी, चितवन |
| ९. | परमेश्वर काफ्ले | अयोध्यापुरी २, माडी, चितवन |
| १०. | लक्ष्मीकान्त घिमिरे | कल्याणपुर ८, माडी, चितवन |
| ११. | टीकाप्रसाद बराकोटी | भरतपुर १०, चितवन |
| १२. | गीता पोखरेल | अयोध्यापुरी २, माडी, चितवन |
| १३. | यमनारायण अर्याल | अयोध्यापुरी २, माडी, चितवन |
| १४. | यमकला सुवेदी | अयोध्यापुरी २, माडी, चितवन |
| १५. | तिलकबहादुर सुयल | लमजुङ |
| १६. | कृष्ण घिमिरे | कल्याणपुर ८, माडी, चितवन |
| १७. | बेनीमाया बोटे | अयोध्यापुरी ७, माडी चितवन |
| १८. | होमनाथ सुवेदी | अयोध्यापुरी ३, माडी, चितवन |
| १९. | डिलमाया भूषाल | कल्याणपुर ९, माडी, चितवन |
| २०. | पवन खड्का | कल्याणपुर ८, माडी, चितवन |

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| २१. | जगनमाया गुरुङ | कल्याणपुर ४, माडी, चितवन |
| २२. | भानुभक्त आचार्य | कल्याणपुर ४, माडी, चितवन |
| २३. | कृष्णमणि पौडेल | शिवनगर, चितवन |
| २४. | शेषराज वाग्ले | कल्याणपुर २, माडी, चितवन |
| २५. | आशीष छेत्री | अयोध्यापुरी ७, माडी, चितवन |
| २६. | अस्मिता वि.क. | अयोध्यापुरी ७, माडी, चितवन |
| २७. | चन्द्रबहादुर महत | अयोध्यापुरी ९, माडी, चितवन |
| २८. | गुन्जन श्रेष्ठ | पोखरा बसपार्क |
| २९. | नेत्रबहादुर गुरुङ | अयोध्यापुरी ६, माडी, चितवन |
| ३०. | हरिकला पुन | कल्याणपुर ४, माडी, चितवन |
| ३१. | सागर सुवेदी | कल्याणपुर ४, माडी, चितवन |
| ३२. | कृष्णप्रसाद पोखरेल | कल्याणपुर ३, माडी, चितवन |
| ३३. | शोभा वि.क. | कल्याणपुर ९, माडी, चितवन |
| ३४. | सुदीप वि.क. | कल्याणपुर ९, माडी, चितवन |
| ३५. | प्रकाश पाण्डे | कल्याणपुर ९, माडी, चितवन |
| ३६. | विष्णुभक्त पाण्डे | कल्याणपुर ९, माडी, चितवन |
| ३७. | सन्तोषी थापा | बगौडा ८, माडी, चितवन |
| ३८. | कविता बरुवाल | कल्याणपुर ५, माडी, चितवन |
| ३९. | मैया लामिछाने | कल्याणपुर ५, माडी, चितवन |
| ४०. | जुना लामिछाने | कल्याणपुर ५, माडी, चितवन |
| ४१. | पूजन लामिछान | कल्याणपुर ५, माडी, चितवन |
| ४२. | राधेश्याम भण्डारी | कल्याणपुर ५, माडी, चितवन |
| ४३. | विष्णुप्रसाद ओझा | कल्याणपुर ५, माडी, चितवन |
| ४४. | कालीमाया तामाङ | कल्याणपुर ७, माडी, चितवन |
| ४५. | रीता तामाङ | कल्याणपुर ७, माडी, चितवन |
| ४६. | ईश्वरीप्रसाद पौडेल | कल्याणपुर ४, माडी, चितवन |
| ४७. | भुवन शान्ति पौडेल | कल्याणपुर ४, माडी, चितवन |
| ४८. | राजु परियार | पोखरा, बैदाम |
| ४९. | फूलमाया परियार | पोखरा, बैदाम |
| ५०. | जानकी रेग्मी | गर्दी ६, चितवन |
| ५१. | चुनु केसी | कल्याणपुर ३, माडी, चितवन |
| ५२. | ज्ञानु पौडेल | भरतपुर न.पा. २, चितवन |
| ५३. | मनकुमारी छेत्री | अयोध्यापुरी ७, माडी, चितवन |

| क्र.सं. | नाम | ठेगाना |
| --- | --- | --- |
| ५४. | गोमा अधिकारी | अयोध्यापुरी ८, माडी, चितवन |
| ५५. | जयन्ती बोट | अयोध्यापुरी ७, माडी, चितवन |
| ५६. | लक्ष्मी पौडेल | खैरहनी, चितवन |
| ५७. | प्रसिद्धि पौडेल | खैरहनी, चितवन |
| ५८. | नारायणदत्त पौडेल (हाल मृत्यु भइसकेको) | अयोध्यापुरी ५, माडी, चितवन |
| ५९. | सूर्यबहादुर गुरुङ | अयोध्यापुरी ६, माडी, चितवन |
| ६०. | राजु प्रजा | अयोध्यापुरी ६, माडी, चितवन |
| ६१. | देवीप्रसाद रेग्मी | अयोध्यापुरी ५, माडी, चितवन |
| ६२. | विवेक बराइली | भरतपुर न.पा. ६, चितवन |
| ६३. | वीरबहादुर राई | अयोध्यापुरी ६, माडी, चितवन, |
| ६४. | नवीन भुजेल | अयोध्यापुरी ५, माडी, चितवन |
| ६५. | गमला भण्डारी | भरतपुर न.पा. १, रामनगर |
| ६६. | नरहरि रानाभाट | अयोध्यापुरी ८, माडी, चितवन |
| ६७. | विक्रम चौधरी (चालक) | गर्दी ५, चितवन |
| ६८. | लालसिंह मगर | अयोध्यापुरी ९, माडी, चितवन |
| ६९. | गंगाबहादुर गुरुङ (हाल मृत्यु भइसकेको) | अयोध्यापुरी २, माडी, चितवन |
| ७०. | अम्बिका अधिकारी | अयोध्यापुरी २, माडी, चितवन |
| ७१. | कोपिला अधिकारी | अयोध्यापुरी २, माडी, चितवन |
| ७२. | मनहरि सापकोटा | अयोध्यापुरी २, माडी, चितवन |
| ७३. | नारायणी सापकोटा | अयोध्यापुरी २, माडी, चितवन |
| ७४. | पूजा गुरुङ | अयोध्यापुरी ६, माडी, चितवन |
| ७५. | नेत्रबहादुर रानाभाट | कल्याणपुर ४, माडी, चितन |

स्रोत : बाँदरमुढे घटनाको स्मृतिमा निर्मित स्मारक, माडी

# सन्दर्भसामग्रीहरू


राष्ट्रिय मानवअधिकार आयोगको विभिन्न अनुगमन तथा अनुसन्धान प्रतिवेदनहरू (www.nhrcnepal.org)

संयुक्त राष्ट्रसङ्घ मानवअधिकार उच्चायुक्तको कार्यालय नेपालका अनुगमन तथा अनुसन्धान प्रतिवेदनहरू (www.nepal.ohchr.org)

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ ।

जबर्जस्ती बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यदलको प्रतिवेदन (A/HRC/7/206, 10 January 2008)

नेपालको अन्तरिम संविधान, २०६३ ।

नेपाल सन्धि ऐन, २०४७ ।

विस्तृत शान्ति सम्झौता, २०६३ ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान, १९९८ ।

David Miliband Human Rights: Annual Report 2007. Foreign and Commonwealth Office, Great Britain, 2008.

ICCPR, General Comment No. 6.

निम्न वेबसाइटहरू :

http://www.epsp.gov.np)

http://www.insec.org.np/victim/reports/district.pdf

# सामाजिक संवादका लागि सहकार्य (एएसडी)

'सामाजिक संवादका लागि सहकार्य' (एलायन्स फर सोसल डायलग - एएसडी) नेपालका विभिन्न ठाउँमा भिन्न-भिन्न विषय र क्षेत्रमा क्रियाशील संस्था एवं व्यक्तिहरूबीच संवाद प्रक्रियाबाट सहकार्यको संस्कृति विस्तार गर्ने उद्देश्य लिएर सुरु भएको अभियान हो । लोकतान्त्रिक मूल्य र मान्यता प्रवर्द्धन गर्नु यसको मूलभूत उद्देश्य हो । यो उद्देश्य प्राप्त गर्नका निम्ति एएसडीले नेपाली समाजको सरोकारका समसामयिक विषयमा सम्बद्ध पक्षबीच अन्तरक्रिया/बहस गर्दै, गराउँदै आएको छ ।

मानवअधिकार, स्वतन्त्र सञ्चार र शिक्षा आदि सामाजिक महत्त्वका क्षेत्रमा काम गरिरहेका नेपाली सरोकारवालाहरूसँग सहकार्य गर्दै बौद्धिक संवादका लागि प्रयत्नरत रहनु एएसडीको ध्येय हो । यही ध्येयअनुरूप एएसडीले यी क्षेत्रमा काम गरिरहेका संस्था तथा व्यक्तिहरूबीच सहकार्य र संवाद बढाउन परामर्श, छलफल, अध्ययन र कार्यशाला गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गर्दछ । यस्ता छलफलले उच्च प्राथमिकतामा राखेका विषयहरूमा नीतिगत र गहन प्रकृतिको संवाद अघि बढाउन अवधारणापत्र समेत प्रकाशन गर्ने गर्दछ ।

एएसडीले मानवअधिकार, स्वतन्त्र सञ्चार र शिक्षाका क्षेत्रमा सक्रिय रहेर लोकतन्त्र तथा खुला/स्वतन्त्र समाजको प्रवर्द्धनमा लागिपरेका संस्था तथा व्यक्तिहरूका बीचबाट नयाँ र सिर्जनशील विषयहरू पहिचान गरी आगामी दिनमा काम गर्न सकिने विषयहरूको प्राथमिकता निर्धारण गरेको छ । त्यस्ता विषयहरूमा काम गर्न चाहिने अनुदान रकम प्राप्त गर्न अन्तर्राष्ट्रिय स्तरका सहयोगी संस्थाहरूसँग सहकार्य गर्दै स्थानीय र अन्तर्राष्ट्रिय संस्थाहरूबीचमा सञ्जाल निर्माण गर्ने काम पनि अगाडि बढाइएको छ ।

सरोकारवालाहरूसँगको छलफलका क्रममा प्राथमिकतामा परेका विषयहरूमा रचनात्मक कार्यक्रम सञ्चालन गर्न एएसडीले स्थानीय सङ्घसंस्थाहरूलाई प्रेरित गर्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका अवधारणा, नीति तथा कार्यक्रमहरूलाई सघाउ पुऱ्याउन सक्ने र स्थानीय स्तरमा देखिएका बाधा-व्यवधानहरू पहिचान गरी दिगो समाधान दिन सक्ने प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्नका लागि परियोजना प्रस्ताव तयार पारी अनुदान रकमका लागि आवेदन पेस गर्न पनि एएसडीले स्थानीय सङ्घसंस्थाहरूलाई प्रोत्साहित गर्दै आएको छ ।

Alliance for Social Dialogue

9789937243766